# कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली
भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह
(एम.एड), चौँथो सेमेष्टरको नेपा.शि.
५४४ पाठ्यांशको प्रयोजनका
लागि प्रस्तुत शोधपत्र

मिना पौडेल

नेपाली भाषा शिक्षा विभाग
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन

२०८१/सन् २०२५

# कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमता

# अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली
भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह
(एम.एड), चौंथो सेमेष्टरको नेपा.शि.
५४४ पाठ्यांशको प्रयोजनका
लागि प्रस्तुत शोधपत्र

मिना पौडेल

परीक्षा क्रमाङ्क : ७५२४००२७

त्रि.वि.दर्ता क्रमाङक :९-२-०९३-००४६-२०१४

नेपाली भाषा शिक्षा विभाग
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०८१/सन् २०२५

मिति

मौखिक परीक्षा :२०८१/१२/०४

पेस गरेको : २०८१/११/२५

# समुद्घोषण

यस *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन* शीर्षकको यस शोधपत्रमा उपयोग र प्रयोग गरिएका सन्दर्भ सामग्रीहरू जेजसरी सम्पादन गरिएको भए पनि ती सबैलाई गर्भे टिप्पणीका आधारमा पुष्टि गरिएको छ। मैले प्रस्तुत गरेका सबै विषयवस्तुहरू मौलिक छन् र यस शोधपत्रमा कुनै पनि अंश प्रतिलिपिगत, प्रकाशित र शोधप्रयोजनस्वरूप उपाधि लिन कुनै पनि विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी उद्घोष गर्दछु।

मिति : २०८१/११/१०

....................

मिना पौडेल

शोधार्थी

# शोधनिर्देशकको सिफारिसपत्र

यस *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन* शीर्षकको यस शोधपत्र शोधार्थी मिना पौडेलले मेरा निर्देशनमा पूर्ण लगाव र परिश्रमपूर्वक तयार पार्नु भएको हो । विषयगत गहनतालाई महत्त्व दिई तयार पारिएको यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु । शिक्षाशाास्त्र सङ्काय,नेपाली विभागको नयाँ प्रारूपअनुसार तयार पारिएको यो शोधपत्र एउटा नमुना शोधपत्रका रूपमा तयार भएको छ । अतः आवश्यक मूल्याङ्कनका लागि सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली विभागसक्षम सिफारिस गर्दछु ।

मिति : २०८१/११/२५

.............................

सरोज दवाडी

उपप्राध्यापक

सप्तगण्डकी बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

भरतपुर, ।

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत नेपाली विषयको दोस्रो वर्षमा अध्ययनरत छात्रा मिना पौडेलद्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन* शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिकालागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| **क.सं.** | **नाम** | **हस्ताक्षर** |
|---|---|---|
| १. | उपप्रा. बिन्दु पौडेल (वस्ती) (विभागीयप्रमुख) | ................................ |
| २. | उपप्रा. सरोज दवाडी (शोधनिर्देशक) | ................................ |
| ३. | सह प्रा. रविकिरण अधिकारी (बाह्य परीक्षक) | ................................ |

मिति : २०८१/१२/४

१७ मार्च, २०२५

# बौद्धिक नक्कल परीक्षण रिपोर्ट

स्नातकोत्तर तहमा मिति २०८१/१२/७ मा बौद्धिक नक्कल परीक्षणको लागि श्री *मिना पौडेलले* पेस गर्नुभएको *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन* शीर्षकको शोधपत्रलाईथेन्टीकेट बौद्धिक नक्कल जाँचकर्ता सफ्टवेयर (iThenticate Plagiarism Checker Software) द्वारा जाँच गरिएको छ । उक्त सफ्टवेयरले निम्न मापदण्डहरूमा आधारित शून्य प्रतिशतको समग्र समानता सूचकाङ्क फेला पाऱ्यो ।

**मापदण्ड** :

| | | |
|---|---|---|
| वाक्यांश/पदावली | : | असमाविष्ट |
| उद्धरण | : | असमाविष्ट |
| सन्दर्भ सूची | : | असमाविष्ट |
| स्रोत समानता | : | प्रतिशत (१%भन्दा कम) |
| शब्द समानता | : | शब्द गणना (१० शब्दहरूभन्दा कम) |
| शोधसार | : | असमाविष्ट |
| विधि र सामग्री समावेश | : | समाविष्ट |

नोट : यस सफ्टवेयरद्वारा निर्मित समानता सूचकाङ्कले यो शोधपत्रको क्षमता र मापदण्डलाई व्यापक रूपमा प्रतिबिम्बित गर्न सक्दैन। तसर्थ यो शोधपत्रको मूल्याङ्कनका लागि आधिकारिक विज्ञद्वारा भौतिक परीक्षण नै वाञ्छनीय छ।

........................

पदमलाल भारती

सदस्य, अनुसन्धान व्यवस्थापन समिति

# कृतज्ञताज्ञापन

प्रस्तुत*कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन*शीर्षकको शोधपत्रत्रिभुवन विश्वविद्यालय, शिक्षाशाास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत चौथो सेमेस्टरको नेपा.शि. ५४४शोधपत्र पाठ्याशंको प्रयोजनार्थ तयार पारिएको हो ।

यस शोधकार्य शोध निर्देशक सरोज दवाडी गुरुको प्रत्यक्ष निर्देशनमा तयार पारिएको हो । आफ्नो व्यस्तताको बाबजुद पनि शोध लेखनको सम्बन्धमा आफ्नो अमूल्य समय र सुझावहरू दिनुभएकामा उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । प्रस्तुत शोधको उपयुक्त शोध शीर्षक छनोट तथा शोध प्रस्ताव स्वीकृत गरी शोधको अवसर प्रदान गर्ने सप्तगण्डकी बहुमुखी क्याम्पसको, नेपाली भाषा शिक्षा विभागअन्तर्गतका प्राध्यापक विन्दु पौडेल (वस्ती) प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा सैद्धान्तिक पुनरावलोकन र प्रायोगिक पुनरावलोकनका लागि सामग्रीका रूपमा शोधपत्रको सहयोग लिइएकाले उहाँहरूप्रति पनि हार्दिक कृतज्ञ छु । मलाई जन्म दिएर अनेकौं सङ्घर्षका साथ मेरो उज्ज्वल भविष्यको कामना गरी यो स्थानसम्म पुऱ्याउनुहुने मेरा आमा बाबा विष्णुदेवी पौडेल र गुरुदत्त पौडेलप्रति नमन गर्न चाहन्छु । मेरो हरेक दुःखसुखमा साथ दिँदै पढाइमा सदैव अग्रसर हुन प्रेरित गरी साथ दिने जीवनसाथी लक्ष्मण लामिछानेप्रति हार्दिक कृतज्ञ छु, साथै छोरा संयोग लामिछानेले ज्ञानी भएर यस कार्य गर्न सघाउ पुऱ्याएकामा खुशी प्रकट गर्दछु । त्यसैगरी पढ्न तथा हरेक कार्यमा अगाडि बढ्न सधैं उत्प्रेरित गर्नुहुने बहिनी लिला लामिछाने तथा सम्पूर्ण परिवारप्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु । प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा विभिन्न सल्लाह दिने साथीहरू, इष्टमित्र तथा शुद्धाशुद्धीमा सघाउने दाजुरुद्र उप्रेतीप्रति म कृतज्ञ रहेकी छु ।

अन्त्यमा, उचित मूल्याङ्कनका लागि सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभागमा पेस गर्दछु ।

मिति : २०८१/११/१० ……………

शोधार्थी

मिना पौडेल

# शोधसार

यस शोधपत्रको शोधशीर्षक *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन*रहेको छ । कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको कथा लेखन क्षमता र लैङ्गिकताका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमता विश्लेषण गर्नु प्रस्तुत शोधको उद्देश्य हो । यसरी प्रस्तुत गरिएका उद्देश्यहरूलाई व्यवस्थित, वस्तुपरक र वैज्ञानिक ढङ्गले अध्ययन विश्लेषण गर्दा सोद्देश्यमूलक नमुना छनोट पद्धति अपनाइएको छ । यसैगरी तथ्याङ्क सङ्कलन गर्ने कार्य गर्दा प्राथमिक स्रोतअन्तर्गत चितवन जिल्ला भित्रको भरतपुर महानगरपालिकालाई उपयोग गरिएको छ भने द्वितीयक स्रोतअन्तर्गत यसै शोधकार्यसँग सम्बन्धित विभिन्न शोधपत्र, सन्दर्भ पुस्तकहरू, इमेल, इन्टरनेट आदिको प्रयोग गरिएको छ ।

कथा लेखन क्षमताको समग्र स्थितिलाइ प्रतिशताङ्कको आधारमा हेर्दा १०० जना विद्यार्थीहरूमा२० प्रतिशतभन्दा कम कथा लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ८ रहेको छ, जसको प्रतिशत पनि ८ नै रहेको देखिन्छ । २१ देखि४० प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १३ नै रहेको छ, जसको प्रतिशत पनि १३ नै रहेको देखिन्छ । ४१ देखि६०प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूकोसङ्ख्याा २८ रहेको छ,भनेप्रतिशत पनि २८ नै रहेको देखिन्छ । ६१ देखि ८० प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरू सङ्ख्या २७ रहेको छ,भनेप्रतिशत पनि २७ नै रहेको देखिन्छ । त्यसैगरी८१ प्रतिशतभन्दा माथि अङ्कल्याउने विद्याथीहरूको सङ्ख्या २४ र प्रतिशत अङ्क पनि २४ रहेकालेसमग्र विद्यार्थीहरूको कथा लेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ । समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलनका २.०९ रहेको छ । मध्यमानभन्दा तल ५० प्रतिशत रमध्यमानभन्दा माथि ५० प्रतिशत रहेकाले समग्रमा विद्यार्थीको कथा लेखन क्षमता मधयम रहेको मान्न सकिन्छ । लैङ्गिकताको आधारमा छात्र विद्यार्थीहरूको कथा लेखन क्षमताको मानक विचलनका २.२२ रहेको छ । मध्यमानभन्दा तल १० प्रतिशत रमध्यमानभन्दा माथि ९२ प्रतिशत रहेकाले छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता मधयम रहेको पाइन्छ । छात्रा विद्यार्थीहरूको कथा लेखन प्राप्ताङ्कका आधारमा मानक विचलन २.४६ रहेको छ । मध्यमानभन्दा तल ६ प्रतिशत रमध्यमानभन्दा माथि ९४ प्रतिशत रहेकाले छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता उच्च रहेको छ । विद्यालय प्रकृतिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन

क्षमतामध्यमान ६.४ छ भने मानक विचलनका १.९८ रहेको छ। २० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने ९४ प्रतिशत रहेको छ। प्रतिशतको आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता उच्च रहेको छ। विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमतामध्यमान ६.१ छ भने मानक विचलनका २.०८ रहेको छ। २० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने ९० प्रतिशत रहेको छ। प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता राम्रै रहेको पाइन्छ। संस्थागत विद्यालयको प्रतिनिधि जनसङ्ख्या ५० जनामध्ये ४८प्रतिशतको विद्यार्थीहरूको कथा लेखन क्षमता मध्यमानभन्दा तल रहेको छ भने ५२ प्रतिशत विद्यार्थीहरूको कथा लेखन क्षमता मध्यमानभन्दा माथि छ। सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता मध्यमानभन्दा तल सङ्ख्या २६ र प्रतिशत ५२ छ भनमध्यमानभन्दा माथि सङ्ख्या २४ र प्रतिशत ४८ रहेको छ।

# सङ्क्षिप्त रूपसूची

| | | |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| एम्.एड. | : | मास्टर्स अफ एजुकेसन |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नं. | : | नम्बर |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| पृ. | : | पृष्ठ |
| बि.एड्. | : | ब्याचलर अफ एजुकेसन |
| स्व. | : | स्वर्गीय |

# विषयसूची

**अध्याय एक**

**परिचय**

पृष्ठभूमि १

समस्या कथन २

शोधको औचित्य २

उद्देश्य ३

सीमाङ्कन ३

**अध्याय दुई**

**सम्बन्धित कार्यको पुनरवलोकन**

सम्बद्ध पुस्तकको पुनरावलोकन ४

सम्बद्ध शोधकार्यको पुनरावलोकन ६

कथाको सैद्धान्तिक परिचय १०

कथाको परिभाषा ११

कथाका तत्त्वहरू १२

कथाको कार्यकलाप १४

लेखाइ सिप र कथा विधा १५

लेखाइ शिक्षणको महत्त्व र आवश्यकता १६

आधारभुत तहमा कक्षा शिक्षणको उद्देश्य १७

लेखाइ सिपको विकासमा कथा लेखनको महत्त्व १८

विद्यालय तहमा कथा शिक्षणको प्रयोजन १९

अवधारणात्मक ढाँचा २१

अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग २१

**अध्याय तिन**

**शोधविधि**

अनुसन्धानको ढाँचा २३

नमुना छनोट प्रक्रिया २३

तथ्य सङ्कलन प्रकिया २४

तथ्य सङ्कलनका साधन २४

तथ्य सङ्कलन २५

व्याख्या र विश्लेषण २६

नैतिक प्रश्नको सुनिश्चिचता २७

अध्ययनको रूपरेखा २७

**अध्याय चार**

**समग्र विद्यार्थीको कथा लेखन क्षमता**

समग्र विद्यार्थीहरूको कथा लेखन क्षमता २९

प्रतिशतका आधारमा समग्र विद्यार्थीको कथा लेखन क्षमता ३०

मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको कथा लेखन क्षमता ३१

**अध्याय पाँच**

**लैङ्गिकताका आधारमा विद्यार्थीहरूको कथा लेखन क्षमता**

छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता ३४

प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता ३४

मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता ३६

छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता ३७

प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता ३७

मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता ३९

छात्र र छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता ४१

**अध्याय छ**

**विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको कथा लेखन क्षमता**

संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता ४३

प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता ४३

मध्यमान र मानक विचलनका संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता ४४

सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता ४६

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा

लेखन क्षमता ४७
मध्यमान र मानक विचलनका सामुदायिक विद्यालयका विद्यार्थीहरूको
कथा लेखन क्षमता ५०
संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता
**अध्याय सात**
**निष्कर्ष र उपादेयता**
सारांश ५२
निष्कर्ष ५३
उपादेयता ५४
नीतिगत उपयोगिता ५५
प्रयोगगत उपयोगिता ५५
सन्दर्भ सामग्री सूची ५६

# तालिकासूची


**तालिका सङ्ख्याशीर्षक** **पृष्ठ**

तालिका १. समग्र विद्यार्थीहरूको कथा लेखन क्षमता ३०

तालिका २. मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीको कथा लेखन क्षमता ३२

तालिका ३. प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता ३४

तालिका ४. मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता ३६

तालिका ५. प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता ३८

तालिका ६. मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता ३९

तालिका ७.छात्र र छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता ४१

तालिका ८. प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता ४२

तालिका ९. मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता ४५

तालिका १०. प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता ४७

तालिका ११. मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता ४९

तालिका १२. संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता ५०

# स्तम्भचित्रसूची

**स्तम्भचित्रसङ्ख्या शीर्षक** **पृष्ठ**


स्तम्भचित्र १. समग्र विद्यार्थीहरूको कथा लेखन क्षमता ३१

स्तम्भचित्र २. प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता ३५

स्तम्भचित्र ३.प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूकोकथा लेखन क्षमता ३९

स्तम्भचित्र ४.प्रतिशतका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता ४२

स्तम्भचित्र ५.प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता ४५

स्तम्भचित्र ६. प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता ४८

स्तम्भचित्र ७. प्रतिशतका आधारमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता ५१

# वृत्तचित्रसूची

**वृत्तचित्र सङ्ख्याशीर्षक** **पृष्ठ**

वृत्तचित्र १. समग्र विद्यार्थीको कथा लेखन क्षमता ३३

वृत्तचित्र २.मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीको कथा लेखन क्षमता ३७

वृत्तचित्र ३.मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीको कथा लेखन क्षमता ४०

वृत्तचित्र ४.मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता ४६

वृत्तचित्र ५.मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयकाविद्यार्थीहरूको कथा लेखन क्षमता ४९

# चिह्नसूची

| चिह्न | अर्थ |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| “ ” | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा |
| ……. | केही अंश छोडिएको |
| । | पूर्ण विराम |
| ? | प्रश्नवाचक |
| - | योजक |
| / | विकल्प, पर्याय |
| ‘ ’ | विषेश जोड दिँदा |
| : | व्याख्या / सापेक्ष |
| _ | बाट |

# अध्याय एक : परिचय

## पृष्ठभूमि

विद्यालय तहको शैक्षिक संरचनाका रूपमा वर्तमान शिक्षाको संरचना कक्षा एकदेखि कक्षा आठसम्म आधारभूत तह र कक्षा नौदेखि कक्षा बाह्रसम्म माध्यमिक तह मानिएको छ । कक्षा आठ आधारभूत तहको माथिल्लो कक्षा हो । आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरूमासुनाइ,बोलाइ,पढाइ,लेखाइको विकास गराउनुको साथै व्यावहारिक ज्ञान सिप र धारणाको विकास गराउनु जस्ता उद्देश्य रहेको छन् । त्यसैगरी यस तहको उद्देश्य माथिल्लो कक्षाका लागि सक्षम वा दक्ष बनाउनु हो । आधारभूत तहका विद्यार्थीहरूमा नैतिक, स्वावलम्बन र सिर्जनशीलता जस्ता चारित्रिक गुणको विकास गराउने लक्ष्य राखिएको छ । तसर्थ कक्षा आठका विद्यार्थीहरूको लेखन सिपको विकास गराउनकोलागि कथा लेख्न लगाइने गरिएको पाइन्छ ।

साहित्यका विधाहरू मध्ये कथा लेखन एक महत्त्वपूर्ण विधा हो ।कथा मानव जीवनसँग सम्बन्धित हुन्छ । यो चामत्कारिक,अविस्मरणीय क्षण वा घटनासँग सम्बन्धित हुन्छ । त्यस्ता क्षण वा विवरणात्मक संस्मरण नै कथा हो । आधारभूत तहदेखि नै विद्यार्थीहरूलाई स्तर सुहाउँदो, पढे लेखेका, आफूले जानेबुझेका, समाजमा देखेका भोगेका पाठ्यपुस्तकमा समावेश भएका समसामयिक विषयवस्तुमा आधारित कथा लेख्न लगाउने उद्देश्य राखेको पाइन्छ । विद्यार्थीहरूमा कथा लेखनको क्रममा देखिएका कमीकमजोरी पत्ता लगाइ सुधार गर्न शिक्षकले अभिप्रेरित गर्नुपर्छ । त्यसै गरी कक्षाकोठमा विभिन्न मातृभाषी विमातृभाषी विद्यार्थीहरू सहभागी हुने भएकाले पनि उनीहरू बिचमा कथा लेखन क्षमतामा समस्या आउने गरेको पाइन्छ । त्यसैल चार कक्षादेखि नै कथा लेखन सिप सिकाउने उद्देश्य राखेको पाइन्छ ।

भाषाका विभिन्न भाषिक सिपहरूमध्ये लेखाइ सिपलाई गहन र जटिल सिपका रूपमा लिइन्छ ।लेखाइ सिपले व्यक्तिव्यक्ति बिचमा अन्तरक्रिया गर्न, ज्ञानको माध्यमबाट लिपिको प्रयोग गर्न, शुद्ध, अशुद्धपहिचान गर्न, लेख्य चिह्नगत त्रुटिहरूको निराकरणमा पनि सघाउ पुग्दछ । बोल्दा एक ढङगले बोलिने र लेख्दा अर्कै ढङगले लेखिने शब्दहरूको खोजी गरी टिपोण गर्न विद्यार्थीलाई लगाउन सकिन्छ । लेख्य अभिव्यक्तिको माध्यमबाट व्यक्तिले

आफ्ना मनका भाव, कल्पना, विचारहरू अरू सामु प्रस्तुत गर्दछन् । शिक्षण सिकाइ क्रियाकलापको महत्त्वपूर्ण अंशको रूपमा लेखाइ सिपलाई लिइन्छ । विद्यालय तहका तल्ला कक्षादेखि माथिल्ला तहसम्म नै विद्यार्थीह□रूमा लेखन कलाको विकास गराउनु नै कथा लेखनको महत्त्वपूर्ण क्रियाकलापको रूपमा लिइन्छ । अत:आधारभूत तहअन्तर्गत पर्ने कक्षा आठका विद्यार्थीहरूको कथा लेखनमा आधारित रहेर यो अध्ययन गर्न लागिएको छ ।

## समस्याकथन

विद्यार्थीहरूमा भाषिक सिपहरू मध्ये सुनाइ, बोलाइ, पढाइ, राम्रो देखिए पनि लेखाइ सिप कमजोर मानिन्छ । भरतपुर महानगरपालिकामा विद्यार्थीहरूको कथा लेखन क्षमता फरकफरक देखिन्छ । उनीहरूले कथा लेखनलाई महत्त्व नदिई अध्ययन गरेको पाइन्छ जसले गर्दा कथा लेखन क्षमतामा विभिन्नता देखिएको प्रस्ट हुन्छ । भरतपुर महानगरपालिकामा सामुदायिक र संस्थागत विद्यालयहरू रहेका छन् । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयकाविद्यार्थीहरूमा लेखन क्षमतामा कमजोर देखिन्छ । विद्यालयमा अध्ययनरत छात्रा र छात्रहरू मध्ये छात्रहरूको कथा लेखन क्षमता कमजोर देखिन्छ । उक्त समस्या पहिचान गर्न यस शोधकार्य गर्न लागिएको हो । भरतपुर महानगरपालिकामा रहेका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन सिपमा पनि फरक दृष्टिकोण पाइन्छ । उनीहरूको कथा लेखन क्षमतामा पनि भिन्नता पाइन्छ । यसरी भरतपुर महानगरपालिकाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा पनि कथा लेखन क्षमतामा पृथकता भेटिन्छ । उक्त पृथकता के कति कारणले भएको हो र कस्तो छ भनी अध्ययन गर्नु यस शोधकार्यको समाधेय मुख्य समस्या हो ।

## शोधको औचित्य

कथा लेखन भाषिक सिपहरू मध्ये लेखाइ सिपका लागि बढी महत्त्वपूर्ण मानिन्छ । विद्यार्थीको कथा लेखन सिपलाई शुद्ध, स्तरीय, मानक बनाउनको लागि उनीहरूमा रहेका कमीकमजोरी पत्ता लगाइ ती समस्याहरू समाधानकालागि यो शोधकार्यको औचित्य रहने छ । त्यसैगरी आधारभूत तहका विद्यार्थीहरूका लागि निर्माण गरिएको पाठ्यक्रमले राखेका उद्देश्यहरू के कति पूरा भए भएनन् पत्ता लगाई पाठ्यक्रमलाईसमयसापेक्ष, उपयोगी, व्यवहारमूलक विद्यार्थीको स्तरअनुसार परिमार्जन गर्न पाठ्यक्रम विकास केन्द्रलाई यस अनुसन्धानले सहयोग गर्नेछ । भाषा पाठ्यक्रमविद्लाई पाठ्यक्रममा सुधार एवम् परिर्माजन

गर्न, पाठ्यपुस्तकलाई प्रभावकारी एवम् उद्देश्यमूलक विषयवस्तु चयन गर्नु, यस शोधकार्यको औचित्य रहेको छ । यस अनुसन्धानको अध्ययनले भरतपुरमहानगरपालिकाका शिक्षाविद्, पाठ्यक्रमविद् र यससँग सम्बन्धित व्यक्तिहरूलाई फाइदा पुगेको छ ।

कथा लेखनकाक्रममा देखिएका समस्याहरूको निराकरण गर्नका लागि उपयुक्त शिक्षण विधिको प्रयोग गर्न यो शोधकार्यले विषय शिक्षकलाई सहयोग गर्नेछ । भविष्यमा शोधकार्य गर्ने व्यक्तिहरूको लागि सन्दर्भ सामग्रीको रूपमा साहित्यको पूनरावलोकन गर्न यस शोधकार्य उपयोगी रहेको छ ।

**उद्देश्य**

प्रस्तुत शोधकार्यको उद्देश्य यस प्रकार रहेको छ :

(क) कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको कथा लेखन क्षमता अध्ययन गर्न,

(ख) विद्यालयको प्रकृतिका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमता अध्ययनगर्नु,

(ग) लैङ्गिकताका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमता अध्ययन गर्नु,

**सीमाङ्कन**

यस शोधकार्यलाई भरतपुर महानगरपालिकामा मात्र सीमित राखिएको छ । यस अनुसन्धानमा भरतपुर महानगरपालिकाका पाचँ वटा सामुदायिक र पाँच वटा संस्थागतविद्यालयका विद्यार्थीहरूमा मात्र केन्द्रित रहेरपरीक्षण गरिएको छ । कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत प्रत्येक विद्यालयबाट पाँच वटा छात्र पाँच वटा छात्रा गरी दश/दश जना विद्यार्थीका दरले जम्मा सय जना विद्यार्थीहरूमा मात्र सीमित रहेको छ । त्यसमा पनि उत्तम, मध्यम र न्यून क्षमता भएका विद्यार्थीहरू पर्ने गरी सोउद्देश्यमूलक नमुना छनोट प्रक्रिया अपनाइने छ । यसरी छात्र र छात्राबिचको कमीकमजारी पत्तालगाउन कथा लेखनको तुलनात्मक अध्ययनमा सीमित रहेको छ ।

# अध्याय दुई : सम्बन्धित कार्यको पुनरवलोकन

प्रस्तुत शोधकार्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमतासँग सम्बन्धित पूर्वकार्यको समीक्षा यस प्रकार छ :

**सम्बद्ध पुस्तकको पुनरावलोकन**

लम्साल र अन्य (२०७४) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा कथा विधाको पनि सामान्य चर्चा गरिएको छ । उक्त पुस्तकमा कथा शिक्षणको प्रयोजन, कथा शिक्षणका विधिको बारेमा उल्लेख गरिएको् छ । उक्त पाठ्पुस्तकमा कथा लेखनले जीवनजगत्का समग्र पक्षको पहिचान गराउने कुरालाई जोड दिइएको छ । विद्यार्थीहरूको बोध क्षमताको विकास गरी उनीहरूलाई नवीन शैलीमा अध्ययन गर्न, नैतिक चेतना, मूल्य मान्यता विकास गरी सच्चरित्रवान् बनाउन मद्दत गर्ने कुरा उल्लेख गरिएको छ । कथा विद्याले विद्यार्थीहरूमा तार्किक र बौद्धिक क्षमताको विकास गर्ने कुराको चर्चा गरिएको छ । कथा विद्यालाई रोचक बनाउन व्याख्यान, प्रश्नोत्तर, तुलना, समीक्षा, परियोजना, कक्षा प्रस्ततुतीकरण विधिहरूको सामान्य चर्चा गरिएकाले सो पुस्तक प्रस्तुत शोधकार्यको लागि सैद्धान्तिक आधार लिइएको छ ।

ओभ्ला र सुवेदी (२०७४) द्वारा लिखित *नेपाली भाषा शिक्षण* पाठ्यपुस्तकमा कथा विधा शिक्षणको चर्चा गरिएको छ । उक्त पुस्तकमा कथा विधा शिक्षणको प्रयोजन, कार्यकलाप र विधिको सामान्य चर्चा गरिएको छ । उक्त पुस्तकमा बोध र अभिव्यक्ति क्षमताको विकासले स्मरण शक्ति, कल्पना शक्ति, विविद्य विषयवस्तुका बारेमा श्रुति बोध गर्न सक्ने कुराको उल्लेख गरिएको छ । विद्यार्थीहरूमा तार्किक र बौद्धिक क्षमताको विकास तथा शब्दभण्डार, वाक्यतत्त्व विभिन्न प्रकारका शब्दहरूको अर्थ बताई वाक्यमा प्रयोग गर्ने जस्ता भाषातत्त्वको ज्ञान प्रदान गर्ने कुराको चर्चा गरिएको छ । कथा शिक्षणलाई सरल, सहज बनाउन द्रूतपठन र गहनपठन विधिको प्रयोग गर्न सकिने कुरा उक्त पुस्तकमा उल्लेख गरिएकाले सो पुस्तक प्रस्तुत शोधकार्यको लागि उपयोगी भएको छ ।

ढकाल र खतिवडा (२०७५)द्वारा लिखित *नेपालीभाषविज्ञान* पुस्तकमा कथा शिक्षण विधाको चर्चा गरिएको छ । उक्त पुस्तकमा कथा विधा शिक्षणको प्रयोजन र प्रक्रिया, कथाको परिचय कथा शिक्षणको आवश्यकता र प्रयोजन, कथा शिक्षणका विधि र प्रक्रिया तथा कथा शिक्षणका क्रमको चर्चा गरिएको छ । उक्त पुस्तकमा कथा लेखनले विद्यार्थीहरूमा भाषिक क्षमताको विकास मौलिक लेखन, शब्दभण्डारको विकास, तार्किक क्षमताको विकास तथा समकालीन समाजका सामाजिक, सांस्कृतिक, राजनीतिक आदि पक्षको विकास गर्ने कुरा चर्चा भएकाले सो पुस्तक प्रस्तुत शोधकार्यको लागि उपयोगी भएको छ ।

शर्मा र पौडेल (२०७६) द्वारा लिखित *नेपाली भाषा शिक्षणका सन्दर्भहरू* नामकपुस्तकमा कधा विधाको पनि सामान्य चर्चा गरिएको छ । उक्त पुस्तकमा कथा शिक्षण प्रयोजन र प्रक्रियाको सामान्य चर्चा गरिएको छ । उक्त पाठ्पुस्तकमा कथा लेखनले विद्यार्थीहरूमा भाषिक सिपहरूको विकास गराउनुका साथै श्रुतिबोध र पठनबोध क्षमता विकास गर्न पहल गर्दछ । भाषातात्त्विक दृष्टिले उच्चारण, वर्ण विन्यास, लेख्य चिह्न प्रयोग, शब्दभण्डारको विकास, शब्द निर्माण र शब्द रूपायन विविध पक्षको उल्लेख गरिएको छ । कथा शिक्षण प्रक्रियामा आवश्यकताअनुसार विविध शिक्षण सामग्री तथा सन्दर्भ सामग्रीहरूको पनि सक्दो उपयोग गर्ने कुरा चर्चा गरिएकाले सो पुस्तक प्रस्तुत शोधकार्यको लागि सैद्धान्तिक आधार लिइएको छ ।

पौडेल(२०७९) द्वारा लिखित *भाषिक विधा शिक्षण* पुस्तकमा कथा विधाको चर्चा गरिएको छ । उक्त पाठ्पुस्तकमा कथा शिक्षणको प्रयोजन, प्रक्रिया, कथाको परिचय, कथा विधा शिक्षणको आवश्यकता, प्रयोजन कथा शिक्षणको विधि र प्रक्रिया तथा कथा विधा शिक्षणका क्रमको उल्लेख गरिएको छ । उक्त पाठ्पुस्तकमा कथा लेखनले विद्यार्थीहरूमा भाषिक सिपको विकास गराउनुको साथै मौखिक कथन, पठनबोध क्षमताको विकास गराउने कुराको चर्चा गरिएको छ । कथा रचना सम्बन्धी निर्देशित र स्वतन्त्र सिर्जनात्मक अभ्यास गराउनुको साथै विविध विषय क्षेत्रका विषयवस्तु र तत्सम्बन्धी पारिभाषिक एवम् प्राविधिक शब्दभण्डारको विकास गराउने कुरा चर्चा गरिएको छ ।कथा शिक्षणबाट भाषा परिष्कारका साथै स्वस्थ मनोरञ्जन, विषयबोध, अभिरुचि, सम्बर्द्धन र विश्लेषणात्मक प्रतिभाको विकासका साथै अनुशासन, नैतिक उपदेश, चरित्र निर्माण र सिर्जना शक्ति बढाउन पनि

निकै मद्दत मिल्छ भन्ने कुरा उल्लेख गरिएकाले सो पुस्तक प्रस्तुत शोधकार्यको लागि सैद्धान्तिक आधारका रूपमा लिइएको छ ।

**सम्बद्ध शोधकार्यको पुनरावलोकन**

श्रेष्ठ (२०७१) द्वारा 'लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमता' शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको पहिचान,सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र विद्यार्थीको भाषिक पृष्ठभूमिको आधारमा कथा लेखन क्षमताको अध्ययन गर्नु नै यस शोध कार्यको उद्देश्यहरू हुन् । उक्त अध्ययन विभिन्न प्रतिनिधि नमुना छनोटका आधारमा अध्ययन गरी विश्लेषण गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता अगाािड रहेको पाइयो । त्यसैगरि विद्यार्थीको भाषिक पृष्ठभूमिको आधारमा नेपाली दोस्रो भाषि विद्यार्थीभन्दा मातृभाषि विद्यार्थीहरू नै अरुभन्दा अगाडि रहेको पाइयो । त्यस्तै लैङ्गिक पृष्ठभूमिका आधारमा छात्राभन्दा छात्रहरूको कथालेखन क्षमता अगाडि रहेको पाइयो र निर्देशनात्मक कथालेखनभन्दा स्वतन्त्र कथा लेखनमा थोरै मात्रामा भए पनि अगाडि नै पाइन्छ । तसर्थ लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको समग्र पक्षको अध्ययन नै यस शोधपत्रको निष्कर्ष रहेकालेउक्त शोधपत्र प्रस्तुत शोधकार्यको लागि सैद्धान्तिक आधार लिइएको छ ।

सापकोटा (२०७४) द्वारा लिखित 'चितवन जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता' शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता सामान्य रहेको छ भने सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता संस्थागत विद्यालयमा उच्च छ भने सामुदायिक विद्यालयमा कमजोर छ । लैङ्गिकताको आधारमा छात्राको तुलनामा छात्र विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता उच्च रहेको छ भने भाषिक पृष्ठभूमिका आधारमा नेपाली भाषी र नेपाली भाषिक बाहेकका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्र प्रस्तुत शोधकार्यको लागि उपयोगी छ ।

पोखेल (२०७५) द्वारा लिखित 'नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता' शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिकताको आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता अध्ययन गर्नु यस शोध कार्यकाउद्देश्यहरू हुन् । यिनै उद्देश्यका आधारमा विद्यार्थीको निवन्ध लेखन क्षमता मध्यम रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रको अध्ययनले पाठ्यक्रममा समावेश गरिने निबन्ध विधाको शिक्षण प्रक्रिया तथा सिकाइ उपलब्धिका आधारमा निबन्ध विधाको शिक्षण गर्न मार्गनिर्देशन गर्दछ र भाषा पाठ्यपुस्तक निर्माणकर्ता तथा सम्बन्धित निकायलाई भाषिक सिप विकासका लागि सहयोग पुग्ने भएकाले उक्त शोधपत्र प्रस्तुत शोधकार्यको लागि सैद्धान्तिक आधार लिइएको छ ।

ढकाल (२०७५) द्वारा तयार पारिएको 'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन' नामक शोधपत्रको मूल उद्देश्यमा समग्र विद्यार्थीको निवेदन लेखन क्षमताको अध्ययन, सन्तोषजनकरहेको पाइन्छ भनेभाषिक पृष्ठभूमिका आधारमा मातृभाषी तथा नेपाली इतर मातृभाषी विद्यार्थीको निवेदन लेखन क्षमताको स्थिति राम्रो रहेको पाइन्छ । लैङ्गिकताको आधारमा छात्र र छात्राहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थितिमा छात्रको तुलनामा छात्राको निवेदन लेखन क्षमता उच्च रहेको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन क्षमताको अध्ययनमा संस्थागत विद्यालयको विद्यार्थीहरूको निवेदन क्षमता राम्रो रहेको छ । यिनीहरूको सुधारका लागि आवश्यक सुझावहरू प्रस्तुत गर्न, भाषिक सिपहरूमा लेखाइ सिपको विकास गर्न, पाठ्क्रमको परिष्कार र परिमार्जन गर्न सहयोग पुग्ने निष्कर्ष निकालिएकाले उक्त शोधपत्र प्रस्तुत शोधकार्यको लागि उपयोगी भएको छ ।

पौड्याल (२०७५) द्वारा तयार पारिएको 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' नामक शोधपत्रको मूल उद्देश्यमा समग्र विद्यार्थीको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, विद्यालयको प्रकृतिको आधारमा, लैङ्गिकताको आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्नु यस शोधकार्यको उद्देश्यहरू हुन् ।अङ्क र प्रतिशतको आधारमा हेर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता राम्रो देखिन्छ । कक्षा आठमा आधारभूत तहको कक्षा

हुनाले भाषा, संरचना, वर्णविन्यास, विषयवस्तु, सामान्य खालको पाइन्छ । कक्षा आठमाअध्ययनरत विद्यार्थीहरू कम उमेर समूहका हुने भएकालेअनुच्छेद लेखन क्षमता न्यून स्तरको देखिएको निष्कर्ष निकालिएकाले उक्त शोधपत्र प्रस्तुत शोधकार्यको लागि सैद्धान्तिक आधार लिइएको छ ।

राई (२०७५) द्वारा तयार पारिएको 'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' नामक शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा सातमा अध्ययनरत समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमता, लैङ्गिकताको आधारमा शब्दभण्डार क्षमता तथा विद्यालयका प्रकृतिको आधारमा शब्दभण्डार क्षमता, र भाषिक पृष्ठभूमिको आधारमा शब्दभण्डार क्षमतायस शोधकार्यको उद्देश्यहरू हुन् । कक्षा सातमा अध्ययनरत समग्र विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको लैङ्गिकताको आधारमा छात्रको तुलनामा छात्राको शब्दभण्डार क्षमता उच्च रहेको र विद्यालयका प्रकृतिको आधारमा सामुदायिकविद्यालयको शब्दभण्डार लेखन क्षमता राम्रो र भाषिक पृष्ठभूमिको आधारमा दोस्रो भाषाको तुलनामा पहिलो भाषिक विद्यार्थीको शब्दभण्डार क्षमता राम्रो रहेकाले कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रको अध्ययनले विद्यार्थीहरूले शब्दभण्डार क्षमतामा गरेका त्रुटि, कमीकमजोरी पत्ता लगाइ सुधार गर्ने भएकाले उक्त शोधपत्र प्रस्तुत शोधकार्यको लागि उपयोगी भएको छ ।

रेग्मी (२०७५) द्वारा लिखित 'नवलपरासी जिल्लाको देवचुली नगरपालिकाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता' शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता, कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिकताको आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता अध्ययन गर्नु यस शोध कार्यको उद्देश्यहरू हुन् । यिनै उद्देश्यका आधारमा विद्यार्थीको निबन्ध लेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकाल्न सकिन्छ । उक्त शोधपत्रको अध्ययनले लेखाइ सिपको मूल्याङ्कन गरी कक्षा शिक्षणमा सहयोग पुऱ्याएको छ, र निबन्ध लेखन शिक्षणको महत्त्व र आवश्यकता बारेमा बोध गराएको छ साथै नेपाली भाषा पाठ्यक्रम निर्माण, परिष्कार र परिमार्जनमा सहयोग पुग्ने भएकाले उक्त शोधपत्र प्रस्तुत शोधकार्यको लागि उपयोगी भएको छ ।

लिम्बु (२०७६) द्वारा लिखित 'मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमता' शीर्षकको शोधपत्र तयार पारिएको छ। उक्त शोधपत्रमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमता लैङ्गिकताको आधारमा कथा लेखन क्षमता तथा विद्यालयका प्रकृतिको आधारमा कथा लेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ। उक्त शोधपत्रको अध्ययनले शोधविधि तालिकीकरण सैद्धान्तिक रूपरेखाको अध्ययन गर्न सहगोग पुग्ने भएकाले उक्त शोधपत्र प्रस्तुत शोधकार्यको लागि उपयोगी भएको छ।

तिमल्सिना (२०८०) द्वारा लिखित 'चितवन जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमता' शीर्षकको शोधपत्र तयार पारिएको छ। उक्त शोधपत्रमा कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको कथा लेखन क्षमता, लैङ्गिकताको आधारमा कथा लेखन क्षमता तथा विद्यालयका प्रकृतिको आधारमा कथा लेखन क्षमता यस शोधकार्यको उद्देश्यहरू हुन्। कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको कथा लेखन क्षमता मध्यम रहेको लैङ्गिकताको आधारमा उच्च रहेको र विद्यालयका प्रकृतिको आधारमा संस्थागत विद्यालयको कथा लेखन क्षमता उच्च र सामुदायिक विद्यालयको कथा लेखन क्षमता राम्रै रहेकाले कथा लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ। उक्त शोधपत्रको अध्ययनले विद्यार्थीबाट प्राप्त उत्तरपुस्तिकाको परीक्षणपश्चात् प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तथ्याङ्कको व्याख्या र विश्लेषण निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ। उक्त अनुसन्धानबाट प्रस्तुत शोधकार्यको लागि मार्गनिर्देश हुने अपेक्षा गरिएको छ।

न्यौपाने (२०८०) द्वारा लिखित 'चितवन जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता' शीर्षकको शोधपत्र तयार पारिएको छ। उक्त शोधपत्रमा विद्यालयको प्रकृतिको आधारमा, लैङ्गिकताको आधारमा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता अध्ययन गर्नु यस शोधकार्यको उद्देश्यहरू हुन्। यिनै उद्देश्यहरूको आधारमा कक्षा सातमा अध्ययनरत्त विद्यार्थीको प्रबन्ध लेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ। लैङ्गिकताको आधारमा विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता छात्राको तुलनामा छात्रको राम्रो छ भने विद्यालयको प्रकृतिको आधारमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ। उक्त

शोधपत्रको अध्ययनले वर्तमान आधारभूत तहको पाठ्यक्रमले नेपाली विषयको भाषिक सिपसँग सम्बन्धित उद्देश्य प्राप्तिका लागि उक्त शोधपत्र प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधार लिइएको छ ।

**कथाकोसैद्धान्तिक परिचय**

कथा साहित्यको भाषिक विद्यामध्ये महत्त्वपूर्ण विधा हो । यो भाषाको गद्य विधाअन्तर्गत पर्दछ ।कथाको जन्म लोक कथाबाट भएको हो र मानव सभ्यताको विकाससँगै भएको पाइन्छ । मानव जीवनका विविध पक्षलाई अभिव्यक्ति दिने माध्यमका रूपमा कथाको प्रयोग गर्न थालिएको मानिन्छ । प्राचीनकालदेखि नै कथाको सुरुवात भएकाले यसको इतिहास अति नै लामो भएको तथ्य स्विकारिन्छ । यसरी हेर्दा लोक कथा र दन्त्य कथालाई आधुनिक कथाको पृष्ठभूमिका रूपमा हेर्न सकिन्छ । अतः कथा सुन्ने र सुनाउने परम्परा धेरै पहिलेदेखि नै रहेको हुनाले विश्व साहित्य इतिहासमै कथाको यात्रा अत्यन्त प्राचीन मानिन्छ । पूर्वीय र पाश्चात्य साहित्य जगत्मा कथाको सुरुवात पहिले नै गरिए पनि आधुनिक साहित्यमा १९ औँ शताब्दीदेखि प्रारम्भ भएको हो । गद्य भाषाको समीकरणबाट आधुनिक कथा विधाको जन्म भएको हो । त्यसपछि यसको विकास जुन गतिमा अगाडि बढ्दै गयो, यो कथाको सैद्धान्तिक संरचनामा पूरै रूपायित भयो र आज एक अति महत्त्वपूर्ण वा प्रभावकारी साहित्य विधा भएर विश्वभरि नै जगमगाएको छ ।

'कथा' शब्दको निर्माण संस्कृतको 'कथ्' धातुमा 'अ' प्रत्यय जोडिएर 'कथा' भएको हो । (लामिछाने र लामिछाने, २०७८, पृ. २) ।कथाको व्यत्पत्तिगत अर्थ 'कथ्नु,कहनु वा कथेर भन्नु भन्ने हुन्छ । कथाको जन्म लोक कथालाई सुरुमा अङ्ग्रेजीमा कथालाई बुझाउनका लागि'सर्ट स्टोरी'कै प्रयोग बढी गर्ने गरेको पाइन्छ । कथालाई फ्रान्सेली भाषामाकोन्ते, स्पेनिसमानोभेला, इटालिमा नोभेला, जर्मनेलीमानोभेल,हिन्दीमा कथालाईकहानी र बङ्गालीमा गल्प भनिन्छ । कथा मौखिक परम्परादेखि जनमानसले आफ्ना सुख र दु :खका भावना, अनुभव र अनुभूतिहरू, आवेग, संवेग, सन्तुष्टि एवम् मानवीय संवेदनाहरू लोककथाका माध्यमबाट व्यक्त गर्दै आइरहेका थिए । कथा साहित्यको आख्यानात्मक विधा हो । कथाको लेख्य इतिहासलाई खोज्दै जाँदा यसको इतिहास वाङ्मयको इतिहास जत्तिकै लामो भेटिन्छ । पूर्वको प्राचीन वाङ्मयिक ग्रन्थ वेदमा थुप्रै सङ्क्षिप्त कथासूत्रहरू फेला पर्दछन् । त्यसपछिको पूर्वीय ग्रन्थबौद्धग्रन्थमा पनि थुप्रै जातका कथाहरू पाइन्छ । साहित्यको

स्वतन्त्र विधाका रूपमा यसको जन्म पश्चिमबाट भएको हो । ईशाको उन्नाइसौँ शताब्दीमा जर्मनीबाट यसको जन्म भएर क्रमशः फ्रान्स, रुस अमेरिका,हुँदै पूर्वी विश्वमा यसले विस्तार प्राप्त गरेको हो(आचार्य,२०७४, पृ.३) । त्यसैले यसलाई आधुनिक कालमा जन्मेको साहित्यिक विधा मानिन्छ ।

कथाको जन्म सृष्टिको प्रारम्भदेखि नै भएको हो । आजको कथाको पूर्वरूप सृष्टि जत्तिकै पुरानो हो । कथा भन्ने र सुन्ने परम्परा मानव जीवनको अभिन्न अङ्ग र प्रवृति हो । हालसम्म कथाले निकै लामो यात्रा पुरा गरिसकेको छ । यसै क्रममा कथाको स्वरूप र प्रवृत्तिमा बदलिँदो स्थितिको प्रभाव पनि परेको देखिन्छ । प्रारम्भिक अवस्थामा कथा भाव अभिव्यक्त गर्ने एउटा माध्यम र मनोरञ्जनको एउटा साधन थियो ।आजको वर्तमान सर्न्दभमा थोरै समयमा सजिलैसँग कथाको आश्वादनद्वारा जीवन र जगत्को कुनै एक पक्षीय अनुभूतिसँग साक्षात्कार र हार्दिक सम्बन्ध स्थापित गर्ने एउटा सबल आधार पनि भएको छ । त्यसैले अन्य विधाको तुलनामा कथा मानव जीवनसँग अत्यन्त लोकप्रिय रहेको छ ।

**कथाको परिभाषा**

साहित्यको अन्य विधामध्ये कथा महत्त्वपूर्ण विधा हो । कथा विधामा पनि विद्वान्हरूले विभिन्न मापदण्ड तयार गरेर यसलाई परिभाषित गर्ने काम गरेका छन् । कथा अत्यन्त लचिलो विधा भएकाले कथालाई निश्चित परिभाषामा बाध्न सकिदैंन । कथा एउटा सुन्दर बगैंचामा फुलेको फूलजस्तै हो, जहाँ मानिसको जीवनका रोचक कलात्मक रोमाञ्चक, विषयवस्तुहरू आदि, मध्य, र अन्त्यको सिलसिलामा प्रस्तुत गरिएको हुन्छ । कथा घटनाप्रधान तथा चरित्रप्रधान विधा हो । कथालाई रोचक, घटना, सरल, सहज विषयवस्तु कथ्य भाषाको निकटता, वर्णनात्मक प्रस्तुति, वाक्यात्मक, शैलीले अरूविधाभन्दा मनोरञ्जनात्मक विधा मानिन्छ । कथालाई पूर्वीय र पाश्चात्य विद्वानहरूले आफ्नो किसिमले परिभाषित गरेका छन् ।

अङ्ग्रेजी साहित्यकार तथा समीक्षक एच.जी.वेल्सले कथाको परिभाषा बीस मिनेटमा पढ्न सकिने कुनै पनि सङ्क्षिप्त आकारको गद्य लेखन नै कथा भनेका छन्(लामिछाने र लामिछाने, २०७८, पृ. ३) ।" वेल्सले यसरी कथाको सङ्क्षिप्त र लघु रूपमाथि जोड दिएको देखिन्छ ।महाभारतमा कथालाई "सत्यम्, शिव्म्, सुन्दरम्लाई अभिव्यक्ति गर्ने आख्यान नै कथा हो"भनीपरिभाषित गरिएको छ । महाभारतले कथामा सत्य, शिवत्व, र प्रत्यक्ष सौर्न्दय

हुनुपर्छ भन्ने कुरा समावेश गरिएको छ । भामहकाअनुसारसत्य घटनामा आधारित आख्यान नै कथा हो(आचार्य,२०७४, पृ. ४)। भामहले कथालाई सत्य घटना हो भन्ने कुरामा जोड दिएका छन् ।लक्ष्मीप्रसाद देवकोटाकाअनुसारकथा एउटा सानो आँखी झ्याल हो, जहाँबाट संसार चियाइन्छरछोटो होस्, क्लिष्ट नहोस्, सजिलो होस् तर गहिरो नहोस्, बुझिनेहोस् तर कठिन नहोस् । जति बुझ्यो उति बुझ्न, जति पढ्यो उति पढ्न मजा लाग्ने होस् ( आचार्य,२०७४, पृ. ४) भनेका छन् । गोविन्दबहादुर मल्ल गोठालेकाअनुसारकथा जीवनमा आइपरेका घटनाको स्मृति नै कथा हो।"गोविन्दले कथालाई जीवनमा जस्तोसुकै परिस्थितिसँग पनि मिल्ने हुनुपर्छ (आचार्य,२०७४, पृ. ४)भनेर जोड दिइएका छन् ।त्यस्तै पाश्चात्य विद्वान् हडसनकाअनुसार"कथा भनेको एक बसाँइमा सजिलैसँग पढिसकिने विधा हो ।" (लामिछाने र लामिछाने, २०७८, पृ. ३) भनेका छन् । हडसनले विषयको आधारभूमिमा कथाको लागि आवश्यक एकोन्मुखतातिर इङ्गित गरेका छन्। फास्टरकाअनुसारकथा घटनाहरूको त्यो तारतम्य हो, जसले कुनै परिमाणमा पुऱ्याउँदछ । फास्टरले घटनाहरूको सङ्गालो नै कथा हो भनेर परिभाषित गरेका छन् । आधुनिक कथाका जन्मदाताएडगर एलेन पोकाअनुसार "लघुकथा एउटा त्यस्तो कथात्मक कृति हो, जो एक बसाइमा पढिसकिन्छ र आफैंमा पूर्ण हुने भएकाले कथालाई एकै बसाइमा पढिसकिने सानो इतिवृत्त हो भन्दै आवश्यक लघुता अनि सङ्क्षिप्ततामा जोड (लामिछाने र लामिछाने,२०७८, पृ. २) दिएका छन् । कथाबाट सिर्जना हुने प्रभावलाई पुष्टि नगर्ने तत्त्व समावेश गर्नु हुँदैन भनेर कथाको प्रभावान्वितिप्रति ध्यानकर्षण गरेका छन् ।

कथाका यी परिभाषाबाहेक पनि थुप्रै परिभाषाहरू छन् ।यसरी कथाका बारेमा पूर्वीय र पाश्चात्य विद्वानहरूले विभिन्न किसिमका विचारहरू अघि सारेका छन् । कथा सङ्क्षिप्त हुनुपर्ने थोरैमा पनि पूर्ण तथा मिठो हुनुपर्ने, आदि, मध्य र अन्त्यको पारस्परिक सम्बन्ध हुनुपर्ने कुरामा जोड दिएको छ ।

**कथाका तत्त्वहरू**

एउटा सिङ्गो तथा पूर्ण कथा बन्नका लागि आवश्यक पर्ने तत्त्व वा उपकरणलाई कथाको तत्त्व भनिन्छ । वास्तवमा कथा साहित्यको आख्यानात्मक गद्य विधा हो । त्यसैले आफ्नै किसिमका तत्त्वहरू हुन्छन्, जसको संयोजनबाट एउटा पूर्ण कथा बन्दछ । कथाका तत्त्वका बारेमा विभिन्न विद्वानहरूले स्थुल सुक्ष्म रूपमा वर्गीकरण गरेका छन् । ( आचार्य,२०७४,पृ. ७–९) काअनुसारकथाका तत्त्वहरू निम्नानुसार छन् :

**कथावस्तु :** कथावस्तु कथाको महत्त्वपूर्ण तत्त्व हो । कथा भित्रको समग्र घटना, विषयवस्तु कथा वस्तुमा हुने भएकाले यसलाई कथानक पनि भनिन्छ । कथावस्तुमा कथाकारको मूल मर्म, सुख, दुःखका पीडा व्यथाहरूलाई समेटिएर तयार पारिएको हुन्छ । कथावस्तुअनुसार नै कथाका अन्य तत्त्वहरूको चयन गर्न सकिन्छ । आदि, मध्य र अन्त्यको सिलसिलामा कथानकको रचना गरिएको हुन्छ ।

**पात्र वा चरित्रचित्रण :** पात्र वा चरित्रचित्रण कथाको महत्त्वपूर्ण तत्त्व हो । कथामा कुनै पनि प्रकारको भूमिका खेल्ने मानवीय तथा मानवेतर प्राणीलाई पात्र भनिन्छ । पात्र बिनाको कथा कल्पना गर्न सकिदैँन, पात्रले नै कथालाई अघि बढाउने काम गर्दछ । कथामा थोरै पात्र हुनु आवश्यक छ । चरित्र वा पात्रमा प्रभावकारीता, स्वाभाविकता, सजीवता हुनु पर्दछ, अनि मात्र कथा राम्रो र पूर्ण हुन्छ ।

**परिवेश :** कथाको महत्त्वपूर्ण तत्त्वपरिवेश हो । परिवेश भन्नाले देश, काल र वातावरणलाई बुझाउँछ । कथामा कथाकारले घटनाको वा विषयवस्तुको वर्णन गर्नुपूर्व ती घटनाहरू कुन ठाउँमा, कुन समयमा घटेका हुन् भन्ने कुरा प्रस्तुत गरेको हुन्छ । कथा जुन परिवेशमा रचना गरएिको छ, त्यही स्थानको रीतिरिवाज,रहनसहन,चालचलन,भेषभुषा कथामा समावेश गरिएको हुन्छ । वातावरण आन्तरिक र बाह्रय गरेर दुई भागमा विभाजन गरिएको हुन्छ । आन्तरिक पक्षमा मानसिक अभिव्यक्ति पाइन्छ भने बाह्य पक्षमा भौतिक पक्ष समावेश गरिएको हुन्छ ।

**उद्देश्य :** उद्देश्य कथाको मुख्य तत्त्व हो । बिनाउद्देश्यकेहि पनि पूरा हुँदैन । कथामा पनि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । उद्देश्यहीन कथाको कल्पना गर्न सकिन्न । सामान्यतया कथामा उद्देश्य भन्नाले कथाकारले कथामा दिन खोजेको सन्देश भन्ने बुझिन्छ (आचार्य, २०७४,पृ.८)। कथामा कुनै पनि घटनाको सन्देश दिने उद्देश्यका साथै कुनै सत्यको उद्घाटन गर्ने, विचार र धारणा प्रस्तुत गर्ने उद्देश्य पनि राखिएको हुन्छ । उद्देश्य कथामा समग्रतामा प्रस्तुत भएको हुन्छ । कथामा रहेको भाव वा विचारलाई पाठकसामु पुऱ्याउने काम उद्देश्यको हो ।

**दृष्टिबिन्दु :** कथाको महत्त्वपूर्ण तत्त्व दृष्टिबिन्दु हो । कथाको घटना तथा पात्रहरूको वर्णन वा उल्लेख कुन रूपमा कसरी गर्दछ भन्ने कुरा दृष्टिबिन्दुअन्तर्गत पर्दछ । दृष्टिबिन्दु कथावस्तुको छनोटको आधारमा आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ । आन्तरिक

दृष्टिबिन्दुमा म हामी आदि पात्र हुँदा प्रथम पुरुष दृष्टिबिन्दुहुन्छ भने बाह्य दृष्टिबिन्दुमा ऊ,त्यो,उनी,यिनी वा कुनै पात्र हुँदा तृतीय पुरुष दृष्टिबिन्दु हुन्छ ।

**भाषाशैली :** मानवीय अवयवद्वारा विचार र घटनालाई प्रस्तुत गर्ने माध्यम भाषा हो भने यसलाई प्रस्तुत गर्ने माध्यम र तरिका शैली हो । भाषाशैलीबिना कथाको कल्पना गर्न सकिदैंन, त्यसैले कथामा जटिलभन्दा पनि सबैले बुझ्ने सरल,सहज भाषाशैलीको प्रयोग गर्नु पर्दछ (आचार्य, २०७४,पृ.९)। कथामा कस्ता शब्द पदावली वाक्यका ढाँचा प्रयोग भएका छन् भन्ने कुरा भाषाशैलीअन्तर्गत पर्दछ । कथामा पात्रले विषयवस्तु प्रस्तुत गर्ने माध्यम भाषाशैलीहो ।

**कथनपद्धति :** कथामा वर्णित विषयलाई प्रस्तुत गर्ने तरिकालाई कथनपद्धति भनिन्छ । यो कथामा चित्रण गरिएका घटना, पात्रका कार्यव्यापार एवम् परिवेशलाई प्रस्तुत गर्ने विधि हो ।

**कथा शिक्षणका विधि**

कथा शिक्षणका क्रममा विभिन्न किसिमका कार्यकलापहरू हुन सक्छन् । विद्यालय तहमा सबभन्दा ज्यादा रुचिपूर्ण हुने विधा कथा नै हो । कथा शिक्षण गर्दा सञ्चालन गरिने कार्यकलापहरू(आचार्य, २०८०, पृ. १२३) लाई निम्नबमोजिम उल्लेख गर्न सकिन्छ :

**व्याख्यान विधि :** कथा शिक्षणको कार्यकलापहरूमध्ये व्याख्यान विधि सबैभन्दा महत्त्वपूर्ण वा प्रचलित पुरानो विधि हो । व्याख्यान विधिबाट शिक्षण गर्दा सर्वप्रथम शिक्षकले कथाको बारेमा त्यसको तत्त्वहरूको आधारमा व्याख्या विश्लेषण गर्दछन् । व्याख्यान विधिबाट नै कथाको महत्त्वपूर्ण पक्षको बारेमा टिपोट गर्न सकिन्छ ।

**प्रश्नोत्तर विधि :** कक्षा शिक्षण गर्दा कथाको बारेमा शिक्षकले व्याख्या, विश्लेषण गरिसके पछि विद्यार्थीले के कति सिके भनेर त्यसको बारेमा उनीहरूको कमीकमजोरी पत्ता लगाउन व्यक्तिगत तथा सामुहिक रूपमा गरिने शिक्षण प्रश्नोत्तर विधि हो (आचार्य, २०८०, पृ. १२३) । यस विधिमा विषयवस्तुको बारेमा प्रश्न गरी त्यसको उत्तर खोजी गरिन्छ ।

**छलफल विधि :** छलफल विधिको प्रयोग विद्यार्थीलाई कक्षा कार्य वा गृहकार्यका रूपमन एक आपसमा पढ्न लगाएर उनीहरूका महत्त्वपूर्ण कमीकमजोरी पत्तालगाएर त्यसको बारेमा प्रश्नोत्तरका माध्यमबाट विषयवस्तु बोध गराउने शिक्षण विधिका रूपमा लिइन्छ (आचार्य, २०८०, पृ. १२३) । कथा शिक्षणमा छलफल विधिको प्रयोग गर्दा विद्यार्थीको सहभागिता बढी हुने भएकाले यस विधिलाई ज्यादै महत्त्वपूर्ण विधि मानिन्छ ।

**प्रदर्शन विधि :** कथा शिक्षणमा प्रदर्शन विधिको प्रयोग गर्दा शिक्षकले कक्षाकोठामा कथा विषयवस्तुसँग सम्बन्धित सामग्री,चित्र,चार्ट,नाटकीकरण वा नमुना प्रस्तुत गरी व्याख्या गर्दै सिकाउने विधिलाई प्रदर्शन विधि भनिन्छ (आचार्य, २०८०, पृ. १२४) । यस विधिमा विद्यार्थीहरूले अवलोकन गरी सुन्ने,हेर्ने र सिक्ने मौका प्राप्त गर्दछन् । त्यसैले यो विधि विद्यार्थीको बोध क्षमताको विकास गर्ने महत्त्वपूर्ण विधि हो ।

**परियोजना विधि** : कथा शिक्षणका क्रममा शिक्षकले विद्यार्थीहरूलाई विभिन्न परियोजना कार्यका रूपमा कथाका विभिन्न पक्षको पहिचान गर्ने, उदाहरणसहित पुष्टि गर्ने, लेखकहरूको अन्य कथासँग तुलना गर्दै विश्लेषण गरी प्रतिवेदन तयार पार्नुलाई परियोजना विधि भनिन्छ (आचार्य, २०८०, पृ. १२४) । यस विधिमार्फत् शिक्षण गर्दा कथाको बारेमा गहन अध्ययन गर्ने कथाको बारेमा खोजी र अनुसन्धान गर्ने जस्ता बानीको विकास हुन्छ ।

**पठनबोध विधि** : कथा शिक्षणका क्रममा शिक्षकले कुनै कथा पढ्न लगाई विद्यार्थीलाई त्यसको भाव भन्न लगाउने विधि पठनबोध विधि हो । यसमा कथाको सांराश भन्न वा लेख्न लगाउने बुँदा टिपोट गर्न लगाउने, घटनाक्रम मिलाउने, विभिन्न शब्दहरूको अर्थ भन्न लगाउने विधि पठनबोध विधि हो । यस विधि प्रयोग गर्दा विद्यार्थीको तह र क्षमतालाई ध्यान दिनुपर्छ ।

अत : कथा साहित्यको सबैभन्दा महत्त्वपूर्ण लोकप्रिय विधा हो । नेपाली कथाको विकासमानवकोउत्पत्ति कालसँगै भएको पाइन्छ । भाषाको माध्यमबाट विचार विनिमय गर्ने क्रममा आफ्नो मनमा लागेका कुराहरू एकआपसमा आदानप्रदान गर्ने सिलसिलामा कथाको जन्म हुन पुगेको पाइन्छ । कथा कुनै विषयवस्तुमा आधारित भएर त्यसको आदि, मध्य र अन्त्यको संरचनामा भूतकालीन क्रियापदको प्रयोग, सरल, सहज, भाषाशैली र यिनीहरूको तत्त्वहरूको आधारमा विश्लेषण गरिन्छ । कथा घटना र विषयवस्तुको रूपमा वर्गिकरण गरिन्छ । कथा शिक्षणको माध्यमबाट भाषाको चार सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ)कोविकास गराउन पनि मद्दत गर्दछ ।

**लेखाइ सिप र कथा विधा**

भाषाका चार सिपहरूमध्ये सुनाइ, बोलाइ, पढाइ, लेखाइमध्ये लेखाइ सिप अभिव्यक्ति पर्ने महत्त्वपूर्ण सिप हो । भाषिक सिपहरू मौखिक र लिखित गरी दुई माध्यमका हुन्छन् । विद्यालय तहमा भाषिक सिपहरूको प्रयोग गरेर शिक्षण गराउनु राम्रो मानिन्छ । माध्यमिक तहमा विद्यार्थीहरूलाई विभिन्न पक्षबाट ज्ञान दिई उनीहरूको व्यक्तित्व विकास गराउनु

सान्दर्भिक हुन्छ । त्यसमा कथा लेखन क्षमता पनि पर्दछ । साहित्यको एक रोचक र महत्त्वपूर्ण विधाको रूपमा कथालाई लिइन्छ । कथा शिक्षणलाई भाषिक सिप विकासका लागि सहयोग पुऱ्याउने लोकप्रिय विधाको रूपमा पनि लिन सकिन्छ । व्यक्तिलाई भाषिक सिपमा निपूर्ण र सक्षम बनाउनको लागि र लेखन सिपमा दक्ष बनाउनका लागि कथा लेखन अत्यन्त उपयोगी हुन्छ ।

कुनै पनि व्यक्तिमा आफूभित्र रहेको अन्तरनिहित विचार, भाव,अनुभव आदि जस्ता कुरालाई भाषाका माध्यमबाट लिपिबद्ध गर्नु नै लेखाइ हो । कथ्य भाषालाई अभिलेखका रूपबाट व्यक्तिका यावत् भाव, ज्ञान आदि सुरक्षित र चिरस्थायी बनाउन सकिन्छ । कथ्य भाषाको प्रयोगले मात्रभाषिक व्यवहार नचल्ने हुनाले लेख्य अभिव्यक्तिको आवश्यकता पर्न गएको हो । भाषा शिक्षणका सन्दर्भमा लेखाइ सिप महत्त्वपूर्ण मानिन्छ । मनोवैज्ञानिक दृष्टिले लेखन कला वैयक्तिक भिन्नताको माध्यम मानिन्छ । लेख्य अभिव्यक्तिको माध्यमबाट वक्ताले सुनेका,देखेका, जानेका र आफ्ना मनकाभावनाहरू,कल्पना,संवेग,प्रतिक्रिया आदि कुरा श्रोता सक्षम राख्न पाउने सुअवसर प्राप्त गर्छ, जसले गर्दा उसलाई आत्मसन्तुष्टि मिल्छ । यसैगरी साहित्यका विभिन्न विधाहरूको सिर्जना गरी आत्मसन्तुष्टिका साथै अरूलाई पनि आफ्नो सिर्जनाबाट लाभान्वित तुल्याउने अवसर लेखन कलाबाटै प्राप्त हुन्छ(ढकाल र खतिवडा, २०७५, पृ. ६८) । लेखाइ सिपको विकास गराउने क्रममा आफूले अनुभव गरेका कुराहरूलाई निश्चित रूपमा अगाडि बडाउने क्रममा चित्रवर्णन, अनुलेखन,श्रुतिलेखन, चिठी लेखन, भावव्याख्या, कविता लेखन, अनुच्छेद लेखन, प्रतिवेदन लेखन, निबन्ध लेखन, कथा लेखन जस्ता लेखन कलासँग सम्बन्धित कार्यकलापहरू गराइन्छ । (आचार्य, २०८०, पृ. १५३) । त्यसमा पनि कथा लेखनले त झनै ठूलो सहयोग पुऱ्याउँछ किनकि कथा लेखनमा घटनाहरूलाई आदि, मध्य र अन्त्यको क्रममा मिलाउनु पर्दछ । यसबाट विद्यार्थीमा नियमबद्ध,क्रमबद्ध अनि सङ्क्षिप्त शैलीमा लेख्न सक्ने लेखाइ सिपको विकास गराउन सकिन्छ ।

**लेखाइ शिक्षणको महत्त्व र आवश्यकता**

भाषा शिक्षण भनेको भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइको शिक्षण हो ।भाषा शिक्षणमा भाषिक सिपको विकासमा मद्दत पुग्ने विभिनन कार्यकलापहरू गराइन्छ । लेखाइ सिपको शिक्षण गर्दा सञ्चालनमा ल्याउने विभिन्न कार्यकलापहरूमध्ये कथा लेखन पनि एक हो । कथा लेखन अभ्यासले बालबालिकामा पठनबोधका साथै लिखित अभिव्यक्ति

क्षमताको विकास हुन जान्छ । विद्यार्थीमा निर्देशित कथाले सचेत पठनको क्रियाकलाप बढाउन र निर्देशित बुँदालाई बुझेर सतर्कताका साथ कथा लेख्ने बानीको विकास गराउन र थोरै शब्दका आधारमा मौलिकता, संवाद तथा उखानटुक्काहरू संयोजन गरेर स्पष्ट, गहन र प्रभावकारी रूपमा लेखन सिपको विकास गराउन कथा लेखन अभ्यास आवश्यक हुन्छ ।

लेखन कला समग्र शिक्षण सिकाइको महत्त्वपूर्ण अङ्ग र सम्पूर्ण कक्षा कार्यकलाप लेखनकै सेरोफेरोमा सञ्चालित हुनछन् । यसकै माध्यमले भाषिक कार्यकलाप गराइन्छ । हस्तलेखन गर्न, अनुलेखन गर्न,श्रुति लेखन गर्न,श्रुति रचना गर्न, प्रश्नोत्तर लेखन गर्न, वस्तु तथा चित्र वर्णन, अनुभव, घटना तथा यात्रा वर्णन, चिठी पत्र लेखन, दैनिकी लेखन, भाव विस्तार अनि सप्रसङ्ग व्याख्या लेखन आदि सम्पूर्ण कार्यहरूमा लेखनकै संलग्नता रहन्छ ( ढकाल र खतिवडा, २०७५, पृ.७५) । त्यसै गरी पठित कुराको सारांश उतार्न, कुनै पनि विषय वस्तु लेखेर वर्णन वा छलफल गर्न, प्रतिवेदन दिन, मूल्याङ्कन गर्न र समीक्षा गर्न पनि लेखन कलाकै आवश्यकता पर्दछ । तहगत रूपमा हेर्दा आधारभूत तहका लागि लेखन कार्य अभ्यासिक कार्य भए पनि आधारभूत पार गरी सकेका विद्यार्थीहरूमा यसले भाषिक अनुभवलाई समेटेर व्यक्त गर्ने कार्य गर्दछ । आधारभूत तह पार गरिसकेका विद्यार्थीहरूलाई माध्यमिक शिक्षाका लागि पूर्व अभ्यासिक कार्य गर्ने हुदा यस तहमा लेखाइ शिक्षणको आवश्यकता पर्न गएको हो । यसबाहेक विद्यार्थीहरूलाई उनीहरूको रुचिअनुसार लेखाइ शिक्षणको विकासमा सरिक गराउन सकिन्छ । विद्यार्थीको भाषिक क्षमताको विकास गर्नको लागि उनीहरूलाई सिर्जनात्मक लेखन, सामान्य, व्यावहारिक तथा आफ्नो व्यक्तिगत कार्य सम्पादन गर्नको लागि लेखाइ सिपको आवश्यकता पर्ने हुनाले औपचारिक शिक्षणले मात्र सम्भव नभएकाले दक्ष बनाउनको लागि उनीहरूको रुचिअनुसारका विषयवस्तु रोज्न लगाउनुपर्दछ । यसो गर्दा समाजलाई प्रशस्त फाइदा हुन्छ । अतः लेखाइ वैयक्तिक मात्र नभएर सामाजिक आवश्यकता पनि हो ।

**आधारभूत तहमा कथा शिक्षणको उद्देश्य**

आधारभूततहमा कथा शिक्षण गर्दा विद्यार्थीहरूमा कथा लेखन सिपको विकास गरिएको हुन्छ । बोध क्षमताको विकास गर्नु, कथाकथन सिपको विकास गर्नु, सिर्जनात्मक क्षमताको विकास गर्नु, शब्दभण्डारको विकास गर्नु, भाषिक सिपहरूको विकास गर्नु,असल चरित्रनिर्माणको विकास गर्नु, साहित्यप्रत्तिको अभिरुचि वृद्धि गर्नुकल्पना क्षमता र भाषिक संरचना बुझ्ने क्षमताको विकास गर्नु, प्रश्नोत्तर गर्नु आदि जस्ता कुरालाई सक्षम बनाउँदै

लैजानु कथा शिक्षणको उद्देश्य हो(ढकाल र खतिवडा, २०७५, पृ. ७३)। यसका साथै भाषाका चारै सिप (सुनाइ,बोलाइ, पढाइ, लेखाइ) विकासका लागिश्रव्य, कथ्य, लेख्य, र पाठ्य विद्याको अभ्यास गराउन नैतिक सन्देश र उपदेश प्राप्त गर्न, आनन्द र मनोरञ्जन लिनु, पढाइ प्रत्ति अभिरुचि बढाउनु समेत माध्यमिक तहको कथा शिक्षणको उद्देश्य हो ।

कथा घटनाप्रधान विधा हो ।यसमा विभिन्न घटना तत्त्वले कथानकको काम गरेको हुन्छ । शैक्षणिक दृष्टिले रोचक घटना, सरल विषयवस्तु, कथ्य भाषाको निकटता, संवादको उपयोग, वर्णनात्मकता, वाक्यात्मक सरलता, शाब्दिक सरलता तथा प्रस्तुतिगत श्रृङ्खलात्मक र कुतूहलताले अन्य गद्य विधाभन्दा कथा निकै आकर्षक देखिन्छ (पौडेल, २०७६, पृ. ८) । कथाको परम्परा मानव जीवनको परम्परासँगै विकास भएको पाइन्छ । मानव जीवनसँग सम्बद्ध केही चामत्कारिक, अविस्मरणीय क्षण वा घटनाहरू हुन्छन् । यस्ता क्षण वा घटनाको विवरणात्मक संस्मरण नै कथा हो (ढकाल र खतिवडा, २०७५, पृ. ९) । यसर्थ विद्यार्थीलाई विषयवस्तुप्रतिपरिचित गराउनुका साथै जीवन दर्शन बुझ्न र ज्ञानको अभिवृद्धि गर्नमा सघाउ पुऱ्याउँछ । कथा शिक्षणबाट विद्यार्थीहरूलाई स्वतन्त्र लेखनको विकास गराउनुका साथै कथन शैली र भाषिक क्षमताको वृद्धि गर्नमा सहयोग पुग्दछ । विद्यार्थीहरूलाई स्वाध्ययन गर्ने बानीको विकास गर्न ज्ञान विज्ञानका विषयहरूको जानकारी लिनु कथा शिक्षणको उद्देश्य हो ।

यसका साथै लेखन कलाको समुचित विकास गर्नु, बोध र अभिव्यक्ति क्षमताको विकास गर्नु, स्वतन्त्र, मौलिक र सिर्जनात्मक अभिव्यक्तिकोविकास गर्नु, शुद्ध, स्पष्ट रूपमा लेख्य क्षमताकोविकास गर्नु वर्णविन्यासगत त्रुटि पहिचान गर्नु, भाषातत्त्व र व्याकरण तत्त्वगत विशेषताहरूको पहिचान गर्नु जस्ता कुरालाई पनि कथा शिक्षणको उद्देश्यका रूपमा लिन सकिन्छ ।

**लेखाइ सिपको विकासमा कथा लेखनको महत्त्व**

साहित्यको अन्य विधाको तुलनामा कथा सबैभन्दा सशक्त र लोकप्रिय विधा हो । मानविय भाषाका दुई ओटा रूप हुन्छन् । तीरूप मौखिक र लिखित हुन् । लेखाइबाट मानिसले आफ्नो भाव वा विचार अरुसामु अभिव्यक्त गर्ने क्षमताको विकास हुन्छ । लेखाइ शाश्वत् सार्वभौम हुन्छ । व्यक्तिको लेखन कलालाई विकास गर्नको लागि लेखन अभ्यासको आवश्यकता पर्दछ । त्यस कारण तल्ला तहदेखि नै हस्तलेखन गर्न, अनुलेखन गर्न,श्रुति लेखन गर्न,श्रुति रचना गर्न, प्रश्नोत्तर लेखन गर्न, वस्तु तथा चित्र वर्णन, अनुभव, घटना

तथा यात्रा वर्णन जस्ता कार्यकलाप गराएर विद्यार्थीमा लेखन क्षमताको विकास गराउने क्रियाकलापमध्ये कथा लेखन पनि एक महत्त्वपूर्ण कार्य हो ।

लेखाइ निर्देशनात्मक स्वतन्त्र र सिर्जनात्मक हुन्छन् । यी तिन वटै लेखाइ सिपका लागि कथा लेखनले महत्त्वपूर्ण भूमिका निवार्ह गर्न सक्दछ । निर्देशनात्मक लेखन भन्नाले अभ्यास गराउँदा यसरी गर्ने भन्ने कुराको निर्देशन वा मार्गदर्शन नै निर्देशनात्मक लेखन हो (ढकाल र खतिवडा, २०७५, पृ. ८७)। यसले लेखनसँग सम्बन्धित विभिन्न नियम तथा पक्षमा जोड दिन्छ । लेखाइ सिपको विकासका गर्न मद्दत गर्ने अर्को महत्त्वपूर्ण लेखाइअन्तर्गत स्वतन्त्र लेखाइ पनि पर्दछ । कुनै खास विषयमा केन्द्रित भएर सिकारुले तोकिएको शीर्षकमा आधारित भई आफ्नो मनोविज्ञानले अनुभव व्यक्त गर्दछ । यस्तो लेखनमा लेखकले आफ्ना भनाइ वा विषयवस्तु अरूसामु स्वतन्त्र र निर्धक्क रूपमा राख्न सक्छन् ।स्वतन्त्र लेखनमा प्रस्तुत भएको कथा लेखनमा काल्पनिकता, मौलिकता,र शिल्प पक्षको स्तरीयस्वरूप नै सिर्जनात्मक लेखन हो। निर्देशित लेखन र सिर्जनात्मक लेखनका बिचको लिखित अभिव्यक्तिस्वतन्त्र लेखन हो । निर्देशित लेखनले तयार गरेको पूर्वाधारअनुसार स्वतन्त्र लेखनमा प्रवेश गरेको सिकारुको अभिव्यक्तिमा रहेका कमीकमजोरीहरू सिर्जनात्मक लेखनमा नपाइने कुराको अपेक्षा गर्न सकिन्छ ।(ढकाल र खतिवडा, २०७५, पृ. ७१-७५) ।लेखाइ सिप विकासका लागि कुनै खास कथालाई आदर्श बनाई त्यसका पात्र, घटना आदि बदली कथा रचना गराउन सकिन्छ । निर्देशित कथा लेखनमा अभ्यास गराइ सकेपछि स्वतन्त्र र सिर्जनात्मक रूपमा कथा लेखन गराउँदै जाँदा विद्यार्थीलाई प्रेरणा र प्रोत्साहन दिइरहनु पनि आवश्यक हुन्छ ।

यसरी समग्रमा कथा लेखन (निर्देशित र सिर्जनात्मक) लेखनकलाको महत्त्वपूर्ण कार्यकलापको रूपमा लिइन्छ । आधारभूत तथा माध्यमिक तहमा यी विभिन्न प्रकारले कथा लेखन अभ्यास गराएमा लेखाइ क्षमताको विकासमा टेवा पुग्ने देखिन्छ । यसरी लेखाइ सिपको विकासमा कथा लेखनको स्थान महत्त्वपूर्ण र उच्च रहेको छ ।

**विद्यालय तहमा कथा शिक्षणको प्रयोजन**


साहित्यको विभिन्न विधाहरूमध्ये कथा विधा एक महत्त्वपूर्ण विधा हो । लेखाइ सिपको विकासका लागिमहत्त्वपूर्ण भूमिका खेल्ने क्रियाकलापहरूमध्येमा कथा लेखन पनि पर्दछ । भाषिक सिपहरूको विकास गर्नु नै कथा शिक्षणको मुख्य प्रयोजन हो । यसका साथै कथा शिक्षण गर्दा विद्यार्थीमा बहुपक्षीय लाभ हुन्छ । वर्णविन्यासगत त्रुटिको शुद्धता, विराम

चिह्नको उपयुक्त प्रयोग, अनुच्छेद गठनमा उपयुक्तता ठाउँ छोडाइ आदिजस्ता कुरामा दक्ष बनाउँदै लैजानु कथा शिक्षणको प्रयोजन हो । व्यक्तिले सुनेका, पढेका, देखेका र बुझेका आधारमा लेख्नु वा भन्नु, बोध प्रश्नोत्तर क्षमताको विकास, भाषातत्त्वसँग परिचित हँदै शुद्ध भाषाको प्रयोग गर्नु विद्यालय तहमा कथा शिक्षणको प्रयोजन हो ।

कथाको विकास परम्परा मानव जीवनको परम्परासँगै विकास भएको हुनाले यसलाई मानव जीवनबाट अलग्याएर हेर्न सकिँदैन । यसरी कथाले कुनै व्यक्तिको जीवनको कुनै चरित्र वा सानो घटना वा समाजको झलकलाई प्रस्तुत गर्ने काम गरेको हुन्छ । कथाले विद्यार्थीको चारित्रिक, मानसिक, सामाजिक र नैतिक विकासमा सकारात्मक प्रभाव पार्दछ । यसले विद्यार्थीलाई विषयवस्तुप्रति परिचित हुनुका साथै जीवन दर्शन बुझ्न र ज्ञानको वृद्धिमा सहयोगीका रूपमा काम गरेको पाइन्छ (ढकाल र खतिवडा, २०७२, पृ.१०२)। कथा शिक्षणबाट विद्यार्थीमा भाषिक क्षमताको विकास गर्न, नवीन शैलीको पहिचान गर्न, भाषा र साहित्यप्रत्ति रुचि जगाउन, नैतिक मूल्य मान्यता, सच्चरित्रता र मानवतावादी दृष्टिकोण विकास गर्न, तार्किक क्षमताको विकास गर्न समकालीन समाजका सामाजिक, सांस्कृतिक, राजनैतिक, धार्मिक आदि पक्षसँग परिचित गराउनु कथा विधा शिक्षणको प्रयोजन हो।

कथाले व्यक्तिभित्र रहेको प्रतिभालाई प्रस्फुटन गराउने काम गर्दछ । यसका साथै कथा लेखनले सिर्जनशीलता र काल्पनिकताको विकास गराउन सहयोग पुऱ्याउने हुनाले वर्णनात्मक शैलीको विकासका अतिरिक्त भाषातत्त्वसँग परिचित भई वाक्यपद्धति, उखान र टुक्का आदिको प्रयोगका लागि भाषा शिक्षणका सन्र्दभमा विद्यालय तहमा उपयोगमा ल्याउन सकिन्छ र ल्याइएको पनि पाइन्छ ।

**अवधारणात्मक ढाँचा**




प्रस्तुत शोधकार्यको अवधारणात्मक ढाँचा यसप्रकार रहेको छ :

**अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग**

प्रस्तुत शोधकार्यमा अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुपयोगले शोधार्थीलाई पूर्वकार्यको अध्ययनले समस्याहरूलाई राम्ररी बुझेर विश्लेषण गरी शीर्षक चयन गर्न सहयोग गर्दछ ।यस शोधकार्यको अध्ययनले सिद्धान्तहरूको पूर्वअनुमान गर्न अनुसन्धान सम्बन्धी प्रश्नहरू निर्माण गर्न, अनुसन्धानका विधिहरू पत्ता लगाउन, अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुको साथै अनुसन्धान कर्तालाई आफ्नो गन्तव्य

पहिचान गर्न सहज र सरल बनाउछ । नयाँनयाँ तथ्यहरू पत्ता लगाई त्यसको बारेमा निष्कर्षमा पुग्न सहयोग गर्ने छ । अनुसन्धान कर्तालाई समेत सम्बन्धित विषयमा पूर्ण र विज्ञ बन्न मद्दत गर्दछ । अनुसन्धान कार्यलाई वैद्य र विश्वसनीय बनाउनका साथै अनुसन्धान ढाँचा निर्धारण गर्न उपयुक्त विषयअनुकूल उपकरणको छनोट गर्न पुनरावलोकनको अध्ययनले सहयोग पुऱ्याउँछ ।

प्रस्तुत कार्यको पूनरावलोकनले आफूले गर्न लाएको शोधकार्यसँग गरिसकेको पूर्वकार्यको समीक्षासित तुलना गरी आफूमा भएको कमीकमजोरी सुधार गर्नका लागि सहगोग गर्दछ । यसका साथै विद्यार्थीको कथा लेखनमा देखिएका मूल समस्याहरू पत्ता लगाई समाधान गर्न सहयोग गर्दछ । पूर्वकार्य गरिएका अनुसन्धानहरूबाट नयाँनयाँ अनुसन्धानकर्ताहरूलाई प्रेरणा र मार्गदर्शनका साथै हौसला प्रदान गरी भविष्यमा गर्न सकिने अनुसन्धानका क्षेत्रहरू पत्ता लगाउन प्रस्तुत शोधकार्यको पुनरावलोकनको महत्त्वपूर्ण भूमिका रहेको छ ।

# अध्याय तिन : शोधविधि

प्रस्तुत अनुसन्धान कार्य वा शोधकार्यमा क्षेत्रीय अध्ययन गरिएको छ । यस कार्यसँग समबन्धित शोधविधि यस प्रकार छन् :

### अनुसन्धानको ढाँचा

प्रस्तुत अध्ययन अनुसन्धान ढाचाँमा परिमाणात्मक र गुणात्मक अर्थात् मिश्रित ढाचाँको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । प्रस्तुत शोध कार्यमा चलहरूबिचको सहसम्बन्धलाई आधार मानेर परिमाणात्मक तथ्याङ्कहरूले पूर्वनिर्धारित मापदण्डका आधारमा आगमनात्मक तरिकाले धेरै जनसंख्याबाट प्राप्त सूचनाहरूका तथ्याङ्कशास्त्रीय व्याख्या विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ ।

### नमुना छनोट प्रक्रिया

यस प्रस्तुत शोधकार्यमा जनसङ्ख्याअन्तर्गत भरतपुर महानगरपालिका भित्रका विभिन्न सामुदायिक र संस्थागत विधालयका कक्षा आठमा अध्ययनरत कथा लेखन क्षमता भएका विद्यार्थीहरूको छनोट गरिएको छ । यसको नमुनाको आधारमा भरतपुर महानगरपालिका भित्रका दश ओटा विद्यालयका दश/दश जना विद्यार्थीहरूको छनोट गरिएको छ । यसैगरी नमुना छनोटका लागि पाँच ओटा सामुदायिक विद्यालय र पाँच ओटा संस्थागत विद्यालय लिइएको छ । यसमा पनि पाँचजना छात्र र पाँचजना छात्रा गरी जम्मा दश जना प्रत्येक विद्यालयबाट छनोट गरिएको छ । सामुदायिक विद्यालयबाट दश जना र संस्थागत विद्यालयबाट दश जना विद्यार्थीहरू लिइएको छ । उक्त दश दश जना विद्यार्थीहरू मध्ये उत्तम, मध्यम र निम्न सम्भावनारहित अर्थात् सोद्देश्यमूलक नमुना छनोट प्रक्रिया अपनाइएको छ । यसको अध्ययन क्षेत्रको रूपमा भरतपुर महानगरपालिका भित्रका विभिन्न संस्थागत र सामुदायिक विद्यालयहरूबाट दश/दश जना विद्यार्थीका दरले सय जना विद्यार्थीहरू लिइएको छ । त्यसपछि सम्बन्धित विषयवस्तुमा केन्द्रित रही प्रस्तुत शोधकार्यलाई अगाडि बढाइएको छ ।

**तथ्य सङ्कलन प्रकिया**

प्रस्तुत अध्ययनको तथ्याङ्क सङ्कलन प्रक्रिया भरतपुर महानगरपालिका भित्रका सामुदायिक र संस्थागत पाँच पाँच ओटा गरी जम्मा दश विद्यालयका विद्यार्थीहरूको अध्ययन अनुसन्धान गरिएको छ । शैक्षिक सत्र (२०८०/०८१) को कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा कथा लेखन क्षमताका लागि उत्तम, मध्ययन, र निम्न गरी दश जना विद्यार्थीलाई छनोट गरिएको छ । उक्त विद्यालयमा अध्यापन गराउने नेपाली शिक्षकको सहयोगले विद्यार्थीलाई तिस मिनेट समय दिई कथाको शीर्षक छनोट गरी कथा लेख्न लगाई परीक्षा लिइएको छ । क्रममा कथाका बुँदा दिएर निर्देशित कथा रचना गर्न लगाउने, विषयवस्तुको प्रसङ्गअनुसार सिलसिलाबद्ध रूपमा स्वतन्त्र ढङ्गले कथा लेख्न लगाइन्छ । कथालाई रोचक र आर्कषक बनाउन श्रुति लेखन गराएर वर्णविन्यास र लेख्य चिह्नको प्रयोग गरी शुद्धीकरण गर्न लगाइन्छ । कथ्य र लेख्य माध्यमको परस्पर परिवर्तन सम्बन्धी अभ्यास गराएर भाषातत्त्व, शब्दभण्डारका विभिन्न पक्षहरूको ज्ञान गराउन तथ्याङ्क सङ्कलन प्रक्रियालाई आधार मानिएको छ । अध्ययनका लागि तयार पारिएको यस प्रकारका प्रश्नपत्रमा पूर्णाङ्क पचास र उतीर्णाङ्क बिस र समय तिस मिनेट निर्धारण गरेर परीक्षा लिइएको छ ।

**तथ्य सङ्कलनका साधन**

प्रस्तुत शोधकार्यलाई वैद्य र विश्वसनीय बनाउन तथ्याङ्क सङ्कलनका क्रममा क्षेत्रीय अध्ययन कार्यबाट प्राप्त तथ्य सङ्कलनका साधनका महत्त्वपूर्ण भूमिका रहेको छ । उक्त शोधपत्रमा भरतपुर महानगरपालिका भित्रका विद्यालयहरूमा अध्ययनरत कक्षा आठका विद्यार्थीहरूको कथा लेखन क्षमतालाई आधार मानी प्राथमिक तथा द्वितीयक स्रोतबाट सामग्रीहरू सङ्कलन गरी विश्लेषण गरिएको छ । कथा लेखन क्षमता नामक शीर्षकमा प्राप्त तथ्याङ्क सङ्कलन गरिएको छ ।

**प्राथमिक स्रोत :** प्रस्तुत शोधकार्यमा प्राथमिक स्रोतअन्तर्गत (२०८०/०८१) सालका चितवन जिल्ला भरतपुर महानगरपालिका भित्रका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूका लेखाइ सिपको अध्ययन गरिएको छ । प्राथमिक स्रोतका लागि सामुदायिक विद्यालयबाट दश जना र संस्थागत विद्यालयबाट दश जना विद्यार्थीहरू

रहेका छन् । जसमा संस्थागत विद्यालय पाँच ओटा र सामुदायिक विद्यालय पाँच ओटा रहेका छन् । प्रत्येक विद्यालयबाट दश/दश जना विद्यार्थी छनोट गरी प्राथमिक स्रोतको सामग्री सङ्कलनगरिएको छ ।

**द्वितीयक स्रोत :** प्रस्तुत शोध कार्यमा द्वितीयक स्रोत सामग्री सङ्कलनअर्न्तगत, विभिन्न लेख रचना, प्रकाशित पुस्तकहरू, पत्रपत्रिका, समाचारपत्र, बुलेटिन, शोधपत्रहरू शोधप्रबन्धबाट कथा लेखन सम्बन्धी खोज अनुसन्धान गरी अध्ययन गरिएको छ । नमुना छनोटको क्रममा विद्यार्थीलाई सरल, र सहज बनाउनको लागि शिक्षक र विद्यार्थी विद्यार्थीबीच एक अर्काको लागि सहयोग लिइएको छ । त्यसैगरी पुस्तकालय, इमेल, इन्टरनेट आदिबाट सामग्रीहरू सङ्कलन गरिएको छ ।

**तथ्य सङ्कलन**

प्रस्तुत शोध कार्यमा तथ्य सङ्कलनका क्रममा चितवन जिल्लाअन्तर्गत भरतपुर महानगरपालिकाभित्र रहेका पाँच ओटा सामुदायिक र पाँच ओटा संस्थागत विद्यालयको स्थलगत अध्ययन अनुसन्धान गरिएको छ । शैक्षिक सत्र २०८०/०८१ सालका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरू मध्ये उत्तम, मध्यमर निम्न स्तरका दश दश जना विद्यार्थीहरू छनोट गरी तथ्य सङ्कलनगरिएको छ । सम्बन्धित विद्यालयका नेपाली विषयमा अध्यापन गराउने शिक्षकको सहयोगमा ती विद्यार्थीहरूलाई छुट्टै कोठामा राखी आवश्यक निर्देशनअनुसार तिस मिनेट समय दिएर कथा लेख्न लगाइएको छ । उनीहरूका लागि परीक्षाको प्रश्नपत्र तयार गरी परीक्षा लिइएको छ । त्यसमा कथा रचना गर्न लगाउने, कथाको शृङ्खला बिग्रिएका बुँदाहरूलाई विषयवस्तुको प्रसङ्गअनुसार सिलसिलाबद्ध रूपमा कथा लेख्न लगाउने लेख्य चिह्न प्रयोग सम्बन्धी शुद्धीकरण गर्न लगाइ शब्दभण्डार सम्बन्धी विभिन्न पक्षको बारेमा जानकारी गराउन लगाइएको छ । त्यसैगरी परीक्षाका लागि तयार पारिएको प्रश्नपत्रमा पूर्णाङ्क पचास र उत्तीर्णाङ्क बिस अङ्क निर्धारण गरिएको छ । यसमा विद्यार्थीहरूको कथा लेखनका क्रममा देखिएका समस्याहरूको पहिचान गरी समाधान गर्न सहयोग गरेकोछ ।

**व्याख्या र विश्लेषण**

प्रस्तुत शोधकार्य कथा लेखन अध्ययनको नतिजा र छलफल सम्बन्धमा भरतपुर महानगरपालिका भित्रका पाँच ओटा सामुदायिक विद्यालय र पाँच ओटा संस्थागत विद्यालय गरी दश ओटा विद्यालयबाट कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमता कस्तो छ भनेर अध्ययन गरिएको छ । उक्त अध्ययनका क्रममा विद्यार्थीहरूको कथा लेखन सम्बन्धी विषयवस्तुको प्रस्तुति, भाषिक शुद्धताको पहिचान गरी समग्र विद्यार्थीहरूको प्राप्त नतिजालाई व्याख्या, विश्लेषण र तुलना गरिएको छ । व्याख्या विश्लेषणका क्रममा तालिका, स्तम्भचित्र बनाई प्रतिशताङ्क, मध्यमान, मानक विचलन समेतका आधारमा त्यसलाई निर्धारण गरिएको छ । उच्च, मध्यम, निम्न प्रतिशताङ्क छुट्याइएकोछ । सोही आधारमा तालिका र मानक विचलनका सूत्रलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) प्रतिशताङ्क गणना गर्न उपयोगमा ल्याइएको सूत्र :

$$P = \frac{R}{T} \times 100$$

यहाँ,

P = प्रतिशत

R = तोकिएका श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या

T = विद्यार्थी सङ्ख्या

(ख) मध्यमान निकाल्न प्रयोगमा ल्याइएको सूत्र

$$\overline{X} = \frac{\Sigma X}{N}$$

यहाँ

$\overline{X}$ = मध्यमान

$\Sigma X$ = $X$को कूल योग

$N$=जम्मा सङ्ख्या

$X$=तथ्याङ्कलाई जनाउने चर

(ग) मानक विचलन गणना गर्न प्रयोगमा ल्याइएको सूत्र

$$\sigma = \frac{\sqrt{\Sigma x^2 - [(\Sigma x)^2]/N}}{N}$$

यहाँ

σ= मानक विचलन

Σ = सिग्मा योगफल

Σx= प्राप्ताङ्कको कूल योग

N = परीक्षार्थीको सङ्ख्या

$(\Sigma x)^2$ = प्राप्ताङ्कको कूल योगको वर्ग ।

**नैतिक प्रश्नको सुनिश्चिचता**

अध्ययनका क्रममा गरिएका विभिन्न कार्यहरू जस्तैः सङ्कलित सामग्रीहरू, तथा विभिन्न विद्यालयका विद्यार्थीहरूले दिएका उत्तरपुस्तिकालाई यही शोधकार्यको प्रयोजनका लागि मात्र गरिएको छ । सो प्रयोजनबाहेक अन्य कुनै प्रयोजनमा सङ्कलित सामग्री उपयोगमा ल्याइएको छैन । अध्ययनका क्रममा गइएका विद्यालयबाहेक अन्य कुनै प्रतिवेदन कुनै विद्यालय वा विद्यार्थीलाई इङ्गित गरी गरिएको छैन । यसमा शोधार्थी सचेत रहेको जानकारी गराउँदछु ।

**अध्ययनको रूपरेखा**

प्रस्तुत शोधपत्रमा पाँच ओटा अध्ययन हुने छन्, जसमध्ये पहिलो अध्यायमा शोध परिचय रहेको छ, जसमा अध्ययनको पृष्ठभूमि, समस्या कथन,शोधको औचित्य, उद्देश्य र सीमाङ्कन आदि रहेको छन् । त्यस्तै दोस्रो अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकन र कथा लेखनको सामान्य सैद्धान्तिक कुराहरूको उल्लेखगरिएको छ । यसमा कथा लेखनसँग सम्बन्धित पूर्वकार्यको समीक्षा गरिएको छ भने कथालेखनसँग सम्बन्धितसिप कथाको अवधारणा, कथा

शिक्षण कार्यकलापको औचित्य, शोधकार्यको अवधारणात्मक ढाँचा, अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग आदि कुराहरूको सामान्य चर्चा गरिएको छ । त्यसैगरी तेस्रो अध्यायमा शोधविधि राखिएको छ, जसमा अध्ययनको ढाचाँदेखि तथ्य सामग्री सङ्कलन कसरी र केके गरी गरिएको छ भनी उल्लेख गर्दै विश्लेषण प्रक्रियाको पनि चर्चा गरिएको छ । चौथो अध्यायदेखि छैटौँ अध्यायसम्म नतिजा र छलफल प्रस्तुत गरिएको छ । प्राप्त सामग्रीको विश्लेषण गरी उद्देश्यअनुरूप अध्याय विभाजन गरी व्याख्या तथा विवेचना गरिएको छ । विश्लेषण गर्ने क्रममा तालिका, स्तम्भचित्र, रेखाचित्र, वृत्तचित्रहरू आदिद्वारा पनि प्रस्ट पारिएको छ । पाँचौँ अध्याय अध्यायमा शोधकार्यको निष्कर्ष र उपायदेयता प्रस्तुत गरिएको छ । यस अध्यायमा उद्देश्यअनुसार निचोड निकाली त्यो निचोडको उपादेयतालाई उल्लेख गरिएको छ।

# अध्याय चार : समग्र विद्यार्थीको कथा लेखन क्षमता

प्रस्तुत अध्ययन चितवन जिल्ला, भरतपुर महानगरपालिकाको कक्षा आठमा अध्ययनरतविद्यार्थीहरूको कथा लेखन क्षमता पहिल्याउने उद्देश्यमा आधारित रहेको छ । यस अध्ययनका लागि दश वटा विद्यालयका सय जना विद्यार्थीहरूबाट आवश्यक सूचना सङ्कलन गरिएको छ । सोही सूचनाका आधारमा तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्दा प्राप्त तथ्याङ्कलाईप्रतिशत गणना, मध्यमान र मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विधिहरूको उपयोग गरिएको छ । यस शोधकार्यमातथ्याङ्क विश्लेषणका लागि अपनाएका विभिन्न विधि तथा प्रविधिहरूको विस्तृत वितरण साथैचलहरूकोविश्लेषित स्वरूप प्रस्तुत गरिएको छ । यहाँ२० प्रतिशतभन्दा तल अङ्क प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूकोसङ्ख्यालाई निम्नश्रेणीमा राखिएको छ, भने २१ देखि४० प्रतिशत अङ्क प्राप्ताङ्कल्याउने विद्यार्थी सङ्ख्यालाई मध्यमश्रेणीमा राखिएको छ, भने ४१ देखि६०प्रतिशत अङ्क प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूकोसङ्ख्यालाई राम्रो श्रेणीमा राखिएको छ,भने ६१ देखि ८० प्रतिशत अङ्क प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्यालाई उत्तम श्रेणीमा राखिएको छ,अनि ८१ प्रतिशतभन्दा माथि अङ्क प्राप्ताङ्क ल्याउने विद्याथीहरूर्को सङ्ख्यालाई अत्युत्तम श्रेणीमा राखिएको छ। यसमाविद्यार्थीहरूको कथा लेखन क्षमताको प्रतिशतकाआधारमा पाँचश्रेणीमा वर्गीकरण गरी तालिकामा प्रस्तुत गरएिको छ ।

## समग्र विद्यार्थीहरूको कथा लेखन क्षमता

प्रस्तुत शोधकार्यचितवन जिल्लाको भरतपुर महानगरपालिका भित्रका कक्षा आठमा अध्ययनरतविद्यार्थीहरूको कथा लेखन क्षमताको पहिचान गर्ने उद्देश्य राखिएको छ । यस अध्ययना लागि भरतपुर महानगरपालिका भित्रकासामुदायिक विद्यालय र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरतपाँच/पाँचगरी दश वटा विद्यालयबाट १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई १० पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरी परीक्षा लिई आवश्यक तथ्याङ्क सङ्कलनगरिएको छ । उक्ततथ्याङ्कबाट प्राप्त नतिजाका आधारमा यसरी तालिकामा प्रस्तुत गरिएको छ ।

**प्रतिशतका आधारमा समग्र विद्यार्थीको कथा लेखन क्षमता**

प्रस्तुत शोधकार्यमाचितवन जिल्लाको भरतपुर महानगरपालिकाकाकक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको पहिचान गर्ने उद्देश्यले समग्र विद्यार्थीहरूको कथा लेखन क्षमताकोस्थिति निम्नानुसार प्रस्तुत गरिएको छ :


तालिका १,

*समग्र विद्यार्थीहरूको कथा लेखन क्षमता*

| कुल सङ्ख्या१०० | पूर्णाङ्क१० सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २० प्रतिशतभन्दा कम ल्याउने | ८ | ८ |
| २१–४० सम्म ल्याउने | १५ | १५ |
| ४१–६० सम्म ल्याउन | २७ | २७ |
| ६१–८० सम्मल्याउने | २५ | २५ |
| ८१–१०० सम्मल्याउने | २५ | २५ |

स्रोत : अरुणोदय मा.वि, २०८१ ।

प्रस्तुत तालिकाका आधारमा विद्यार्थीहरूको कथा लेखन अभिव्यक्ति क्षमताको समग्र विद्यार्थीहरूको कथा लेखन क्षमता वर्गीकरण गरि पाँचश्रेणीमा छुट्याइएको छ, साथै प्रतिशत गणना गरएिको छ । यस प्रतिशत गणनाअनुसार२० प्रतिशतभन्दा कम कथा लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ८ रहेको छ, जसको प्रतिशत पनि ८ नै रहेको देखिन्छ । २१ देखि४० प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १३ नै रहेको छ, जसको प्रतिशत पनि १३ नै रहेको देखिन्छ । ४१ देखि६०प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूकोसङ्ख्याा २८ रहेको छ,भनेप्रतिशत पनि २८ नै रहेको देखिन्छ । ६१ देखि ८० प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरू सङ्ख्या २७ रहेको छ,भनेप्रतिशत पनि २७ नै रहेको देखिन्छ । त्यसैगरी८१ प्रतिशतभन्दा माथि अङ्कल्याउने विद्याथीहरूको सङ्ख्या २४ र प्रतिशत अङ्क पनि २४ रहेको छ ।समग्रमा विद्यार्थीहरूकोप्राप्ताङ्कका आधारमा विद्यार्थीकोप्राप्ताङ्कको ५ श्रेणीमा विभाजन गरिएको छ । सो प्रतिशतलाई निम्नानुसार देखाउन सकिन्छ :




*स्तम्भचित्र १.*

समग्रमा विद्यार्थीहरूकोकथालेखन क्षमता

माथिका चित्रमा जम्मा १०० जना विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशतमा देखाइएको छ। जसमा२० प्रतिशतसम्म ल्याउने ८ जना, २१ देखि४० प्रतिशत ल्याउने १३ जना, ४१ देखि६०प्रतिशत ल्याउने २८ जना, ६१ देखि ८० प्रतिशत ल्याउने २७जना त्यसैगरी८१ प्रतिशतभन्दा माथि ल्याउने विद्याथीहरू२४ जनारहेको छ।

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको कथा लेखन क्षमता**

समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा विश्लेषण गर्ने क्रममा प्रतिनिधि नमुना रूपमा विद्यार्थी सङ्ख्या जम्मा १००जना रहेका थिए। कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमता मापन गर्ने क्रममा मध्यमान ६.२५ र मानक विचलनका २.०९ रहेको छ। समग्र विद्यार्थीहरूको कथा लेखन क्षमताकोस्थिति तलको तालिकामा उल्लेख गरिएको छ :


तालिका २.

*मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको कथा लेखन क्षमता*

| कुल सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल सङ्ख्या | प्रतिशत | मध्यमानभन्दा माथि सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १०० | १० | ६.२५ | २.०९ | ५० | ५० | ५० | ५० |

स्रोत : अरुणोदय मा.वि, २०८१ ।

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका सय जनाविद्यार्थीमध्ये मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ५०मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् । माथिको तथ्याङ्कअनुसार मध्यमानभन्दा माथि कथा लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या र प्रतिशत मध्यमानभन्दा तल कथा लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या प्रतिशत बिचको अन्तर बराबर देखिएकाले भरतपुर महानगरपालिकाकाकक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको समग्रमा कथा लेखन प्रतिशताङ्क श्रेणीका आधारमा उत्तम रहेको छ । मानक विचलनका आधारमा यस महानगरपालिकाकाकक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमतामा नतिजा एकरूपता देखिदैँन ।माथिको तालिकालाई वृत्तचित्रद्वारा अझ स्पष्ट पारिएको छ :




*वृत्तचित्र १.*
समग्र विद्यार्थीको कथा लेखन क्षमता

यस अध्ययनमा भरतपुर महानगरपालिकाको कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको कथा लेखन क्षमताको विश्लेषण गरिएको छ। समग्र विद्यार्थीहरूको कथा लेखन क्षमताको आधारमा उत्तम श्रेणीमा मापन गरिएको ४१–६० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या बढी भएकालेसमग्र विद्यार्थीहरूको कथा लेखन क्षमता उत्तम रहेको छ।

## अध्याय पाँच : लैङ्गिकताका आधारमा विद्यार्थीहरूको कथा लेखन क्षमता

चितवन जिल्लाको भरतपुर महानगरपालिकाकाकक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा कथा लेखन क्षमताको स्थिति पत्ता लगाउनका लागि प्रतिनिधि जनसङ्ख्या छनोटमा १० वटा विद्यालयका सय जना विद्यार्थीहरूको रहेका छन् । जसमा छात्र विद्यार्थीहरू ५० जना र छात्रा विद्यार्थीहरू ५० जना रहेका छन् । छात्र र छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमताकोस्थितिलाई व्याख्या तथा विश्लेषणगरी प्रतिशत, स्तम्भचित्र, मध्यमान र मानक विचलनको आधारमा देखाइएको छ :

**छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता**

चितवन जिल्लाको भरतपुर महानगरपालिकाको विद्यालयका विद्यार्थीलाई नमुना जनसङ्ख्या छनोट गरी१० वटा विद्यालयबाट ५० जना छात्र विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोटका रूपमा लिइएको छ । प्रतिनिधि छनोटमा परेका विद्याथीहरूको प्राप्ताङ्कलाई पाँच श्रेणीमा राखेर छात्रको कथा लेखन क्षमताकोस्थितिलाई तलको तालिकामा उल्लेख गरीव्याख्या तथा विश्लेषण गरिएको छ ।

**प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता**

नमुना छनोटमा परेका विद्याथीहरूको प्रतिशतका आधारमा छात्रविद्याथीहरूको कथा लेखन क्षमताकोस्थितिलाई तलको तालिकामा उल्लेख गरी व्याख्या तथा विश्लेषण गरिएको छ :


तालिका ३.

*प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता*

| कुल सङ्ख्या १०० पूर्णाङ्क१० | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २० प्रतिशतभन्दा कम ल्याउने | ५ | १० |
| २१–४० सम्म ल्याउने | ८ | १६ |
| ४१–६० सम्म ल्याउन | १२ | २४ |
| ६१–८० सम्मल्याउने | १३ | २६ |
| ८१–१०० सम्मल्याउने | १२ | २४ |

स्रोत : अरुणोदय मा.वि, २०८१ ।

माथिको तालिकाअनुसार चितवन जिल्लाको भरतपुर महानगरपालिकाको कक्षा आठमा अध्ययनरतछात्र विद्यार्थीहरूको कथा लेखन क्षमता प्रतिशतका आधारमा हेर्दा पाँच श्रेणी (न्यून, मध्यम, राम्रो, उत्तम र अत्युत्तम) श्रेणीमा विभाजन गरिएको छ। निम्न श्रेणी २० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूकोसङ्ख्या ५ र प्रतिशत १० रहेको छ भने मध्यम श्रेणीमा २१ देखि४० प्रतिशत अङ्कल्याउने विद्यार्थी सङ्ख्या ८ र प्रतिशत १६ रहेको छ। राम्रो श्रेणीमा ४१ देखि६०प्रतिशतसम्म अङ्कल्याउने विद्यार्थी सङ्ख्या १२ र प्रतिशत २४रहेको छ।उत्तम श्रेणीमा६१ देखि ८० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १३ र प्रतिशत २६ रहेको छ भने अत्युत्तम श्रेणीमा ८१ प्रतिशतभन्दा माथि बढी अङ्क ल्याउने विद्याथी सङ्ख्या १२ र प्रतिशत २४रहेको छ। समग्रमा निम्न श्रेणीअन्तर्गतविद्यार्थी सङ्ख्या ५ र प्रतिशत १० रहेको छ भने मध्यममा विद्यार्थी सङ्ख्या ८ र प्रतिशत १६ रहेको छ। राम्रोमाविद्यार्थी सङ्ख्या १२ र प्रतिशत २४ रहेको छ। उत्तममा विद्यार्थी सङ्ख्या १३ र प्रतिशत २६ रहेको छ र अत्युत्तममा विद्याथी सङ्ख्या १२ र प्रतिशत २४ रहेको हुँदा कक्षा आठमा अध्ययनरत छात्र विद्यार्थीहरूकोकथा लेखन क्षमता राम्रो मान्न सकिन्छ।




*स्तम्भचित्र २.*

प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता

**मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता**

चितवन जिल्लाको भरतपुर महानगरपालिका भित्रकाको सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीमध्ये छात्रहरूको प्राप्ताङ्कको आधारमा मध्यमान र मानक विचलन निकाली छात्र विद्यार्थीहरूको कथा लेखन क्षमताको स्थितिको व्याख्या तथा विश्लेषण गरिएको छ :


तालिका ४.

*मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता*

| कुल सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | ६ | २.२२ | ५५ | ५५ | ४५ | ४५ |

स्रोत : अरुणोदय मा.वि, २०८१ ।

माथिको तालिकाअनुसार भरतपुर महानगरपालिकाको कक्षा आठमा अध्ययनरत छात्र विद्यार्थीहरूको कथा लेखनअन्तर्गत कुल प्राप्ताङ्क ३०० रहेको छ । यसको मध्यमान ६ रहेको छ भने मानक विचलनका २.२२ रहेको छ । मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५५ र प्रतिशत ५५ रहेको छ भनेमध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४५ र प्रतिशत ४५ रहेको छ । मध्यमानभन्दा माथि वा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या२.२२ पाइन्छ जसले गर्दा विद्यार्थीको प्राप्ताङ्क विश्वसनीय रहेको मान्न सकिन्छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्याभन्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै भएकाले छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता राम्रो रहेको छ । माथिको तालिकालाई वृत्तचित्रद्वारा अझ स्पष्ट पार्न सकिन्छः




*वृत्तचित्र २.*

मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता

**छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता**

चितवन जिल्लाको भरतपुर महानगरपालिकाको नमुना जनसङ्ख्या छनोट गरी१० वटा विद्यालयबाट ५० जना छात्रा विद्यार्थीहरूलाई लिई उनीहरूले लेखेको कथालाई आधार बनाएर छात्रा विद्यार्थीहरूकोकथा लेखन क्षमताको अध्ययन गरिएको छ । छात्रा विद्यार्थीहरूको प्रतिशताङ्कस्थिति निम्न लिखिततालिकामा प्रस्तुत गरिएको छ :

**प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता**

नमुना छनोटमा परेका विद्याथीहरूको प्रतिशतका आधारमा छात्राविद्यार्थीहरूको कथा लेखन क्षमताकोस्थितिलाई तलको तालिकामा उल्लेख गरी व्याख्या तथा विश्लेषण गरिएको छ :


तालिका ५.

*प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता*

| कुल सङ्ख्या १०० | पूर्णाङ्क१० | सङ्ख्या | | प्रतिशत |
|---|---|---|---|---|
| २० प्रतिशतभन्दा कम ल्याउने | | ३ | | ६ |
| २१–४० सम्म ल्याउने | २ | | ४ | |
| ४१–६० सम्म ल्याउन | १९ | | ३८ | |
| ६१–८० सम्मल्याउने | १३ | | २६ | |
| ८१–१०० सम्मल्याउने | | १२ | | २४ |

स्रोत : अरुणोदय मा.वि, २०८१ ।

माथिको तालिकाअनुसार चितवन जिल्लाको भरतपुर महानगरपालिकाको कक्षा आठमा अध्ययनरतछात्रा विद्यार्थीका कथा लेखन क्षमता प्रतिशतका आधारमा पाँच (न्यून, मध्यम, राम्रो, उत्तम, र अत्युत्तम) श्रेणीमा विभाजन गरिएको छ । निम्न श्रेणी २० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूकोसङ्ख्या ३ र प्रतिशत ६ रहेको छ । मध्यम श्रेणीमा २१ देखि४० प्रतिशत अङ्कल्याउने विद्यार्थी सङ्ख्या २ र प्रतिशत ४ रहेको छ । राम्रो श्रेणीमा ४१ देखि६०प्रतिशतसम्म अङ्कल्याउने विद्यार्थी सङ्ख्या १९ र प्रतिशत ३८ रहेको छ ।उत्तम श्रेणीमा६१ देखि ८० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १३ र प्रतिशत २६ रहेको छ भने अत्युत्तम श्रेणीमा ८१ प्रतिशतभन्दा माथि बढी अङ्क ल्याउने विद्याथी सङ्ख्या १२ र प्रतिशत २४ रहेको छ । समग्रमा कक्षा आठमा अध्ययनरत छात्रा विद्यार्थीहरूकोकथा लेखन क्षमता उत्तम रहेको छ ।




*स्तम्भचित्र ३.*

प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता

**मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता**

चितवन जिल्लाको भरतपुर महानगरपालिका भित्रकाको प्रतिनिधि नमुना छनोटमा परेका संस्थागत रसामुदायिक विद्यालयका विद्यार्थीमध्ये छात्राहरूको प्राप्ताङ्कको आधारमा मध्यमान र मानक विचलन निकाली छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमताको स्थितिको व्याख्या तथा विश्लेषण गरिएको छ :


तालिका ६.

*मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता*

| कुल सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | ६.५ | २.४६ | २० | ४० | ३० | ६० |

स्रोत : अरुणोदय मा.वि, २०८१ ।

माथिको तालिकाअनुसार भरतपुर महानगरपालिकाको कक्षा आठमा अध्ययनरत छात्रा विद्यार्थीहरूको कथा लेखनअन्तर्गत कुल प्राप्ताङ्क ३२५ रहेको छ। यसको मध्यमान ६.५ रहेको छ भने मानक विचलनका २.४६ रहेको छ। मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ४० रहेको छ भनेमध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३० र प्रतिशत ६० रहेको छ। मध्यमानभन्दा माथि वा तल प्राप्ताङ्क ल्याउने विद्यार्थीको भिन्नता२.४६ पाइन्छ जसले गर्दा विद्यार्थीको प्राप्ताङ्क विश्वसनीय रहेको मान्न सकिन्न। मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्याभन्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या सबैभन्दा बढी रहेकाले छात्राविद्यार्थीहरूको कथा लेखन क्षमता उत्तम रहेको छ। माथिको तालिकालाई वृत्तचित्रद्वारा अझ स्पष्ट पार्न सकिन्छ :




*वृत्तचित्र ३.*

मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता

**छात्र र छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता**

छनोटमा परेका छात्र र छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमताको तुलनात्मक स्थितिलाई तलको तालिकामा उल्लेख गरी व्याख्या तथा विश्लेषण गरिएको छ :


तालिका ७.

*प्रतिशतका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता*

| लैङ्गिकता | कुल सङ्ख्या | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | २८ | ५६ | २२ | ४४ |
| छात्रा | ५० | २३ | ४६ | २७ | ५४ |

स्रोत : अरुणोदय मा.वि, २०८१ ।

माथिको तालिकाअनुसार छात्र छात्रा विद्यार्थीहरूको समग्र मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा छात्र विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल २८ र प्रतिशत ५६ रहेको छ भनेमध्यमानभन्दा माथि २२ र प्रतिशत ४४ रहेको देखिन्छ । छात्रा विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल २३ र प्रतिशत ४६ रहेको छ भनेमध्यमानभन्दा माथि २७ र प्रतिशत ५४ रहेको देखिन्छ । समग्रमा हेर्दा छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता उच्च रहेको निष्कर्ष निकाल्न सकिन्छ ।




*स्तम्भचित्र ४.*

प्रतिशतका आधारमा छात्र र  छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता

माथिको स्तम्भचित्रअनुसार छात्र छात्रा विद्यार्थीहरूको समग्र मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा छात्र विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल २८ र प्रतिशत ५६ रहेको छ भने मध्यमानभन्दा माथि २२ र प्रतिशत ४४ रहेको देखिन्छ। छात्रा विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल २३ र प्रतिशत ४६ रहेको छ भनेमध्यमानभन्दा माथि २७ र प्रतिशत ५४ रहेको देखिन्छ। समग्रमा हेर्दा छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता उच्च रहेको निष्कर्ष निकाल्न सकिन्छ।

## अध्याय छ : विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको कथा लेखन क्षमता

भरतपुर महानगरपालिकाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको विद्यालय प्रकृतिका आधारमा कथा लेखन क्षमता स्थिति पत्ता लगाउनका लागिनमुना जनसङ्ख्या छनोटमा परेका दश वटा विद्यालयका सय जना विद्यार्थीहरूको रहेका छन्, जसमा पचास जना सामुदायिक विद्यालयअन्तर्गतका विद्यार्थीहरूरहेका छन् भने पचास जना संस्थागत विद्यालयका विद्यार्थीहरूरहेका छन् । सामुदायिक विद्यालय रसंस्थागत विद्यालयका विद्यार्थीहरूको अध्ययनको आधारमा प्रतिशताङ्क, स्तम्भचित्र, मध्यमान र मानक विचलन रहेका छन् ।

**संस्थागत विद्यालयकाविद्यार्थीहरूको कथा लेखन क्षमता**

संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत ५० जना विद्यार्थीहरूको कथा लेखनका प्राप्ताङ्कलाई पाँच श्रेणीमा विभाजन गरी संस्थागत विद्यालयमा अध्ययनरतविद्यार्थीहरूको कथा लेखन क्षमताको स्थितिलाई निम्नानुसार प्रतिशताङ्क स्थितिमा तालिकामा प्रस्तुत गरिएको छ :

**प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता**

छनोटमा परेका संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमताको स्थितिलाई तलको तालिकामा उल्लेख गरी व्याख्या विश्लेषण गरिएको छ ।


तालिका ८.

*प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता*

| कुल सङ्ख्या ५० | पूर्णाङ्क१० | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| २० प्रतिशतभन्दा कम ल्याउने | | ३ | ६ |
| २१–४० सम्म ल्याउने | २ | | ४ |
| ४१–६० सम्म ल्याउन | १९ | | ३८ |
| ६१–८० सम्मल्याउने | १२ | | २४ |
| ८१–१०० सम्मल्याउने | | १४ | २८ |

स्रोत : अरुणोदय मा.वि, २०८१ ।

माथिको तालिकाअनुसार चितवन जिल्लाको भरतपुर महानगरपालिकाको कक्षा आठमा अध्ययनरतसंस्थागत विद्यालयअन्तर्गतका विद्यार्थीहरूको प्रतिशताङ्क आधारमा पाँच (न्यून, मध्यम, राम्रो, उत्तम, र अत्युत्तम) श्रेणीमा विभाजन गरि प्राप्ताङ्क विश्लेषण गरिएको छ। निम्न श्रेणी २० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूकोसङ्ख्या ३ र प्रतिशत ६ रहेको छ। मध्यम श्रेणीमा २१ देखि४० प्रतिशत अङ्कल्याउने विद्यार्थी सङ्ख्या २ र प्रतिशत ४ रहेको छ। त्यसैगरी राम्रो श्रेणीमा ४१ देखि६०प्रतिशतसम्म अङ्कल्याउने विद्यार्थी सङ्ख्या १९ र प्रतिशत ३८ रहेको छ।उत्तम श्रेणीमा६१ देखि ८० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ प्रतिशत २४ रहेको छ भने अत्युत्तम श्रेणीमा ८१ प्रतिशतभन्दा माथि बढी अङ्क ल्याउने विद्याथी सङ्ख्या १४ र प्रतिशत २८ रहेको छ। समग्रमा सबैभन्दा कम मध्यम श्रेणीअन्तर्गत२१ देखि४० प्रतिशतभन्दा कम अङ्कल्याउने विद्यार्थी सङ्ख्या २ र प्रतिशत ४ रहेको छ भने सबैभन्दा बढी राम्रो श्रेणी अथवा ४१ देखि६०प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १९ र प्रतिशत ३८ रहेकाले कक्षा आठमा अध्ययनरतसंस्थागत विद्यालयका विद्यार्थीहरूकोकथा लेखन क्षमता उत्तम रहेको मान्न सकिन्छ।




*स्तम्भचित्र ५.*

प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता

**मध्यमान र मानक विचलनका संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता**

विद्यालय प्रकृतिका आधारमाचितवन जिल्लाको भरतपुर महानगरपालिका भित्रकाकोकक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन गरएिको छ। प्रतिनिधि जनसङ्ख्याका नमुना छनोटमा परेकासय जना विद्यार्थीमध्ये ५० जना विद्यार्थीहरू संस्थागत विद्यालयअन्तर्गत रहेका छन्; जसलाई मध्यमान र मानक विचलनका आधारमा व्याख्या तथा विश्लेषण निम्नानुसार गरिएको छ :


तालिका ९.

*मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यार्थीहरूको कथा लेखन क्षमता*

| कुल सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल सङ्ख्या | प्रतिशत | मध्यमानभन्दा माथि सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ५० | १० | ६.४ | १.९८ | २४ | ४८ | २६ | ५२ |

स्रोत : अरुणोदय मा.वि, २०८१।

माथिको तालिकाअनुसारसंस्थागत विद्यालयकाकक्षा आठमा अध्ययनरत विद्यार्थीहरूकोकुल प्राप्ताङ्क ३२० रहेको छ भने यसको मध्यमान ६.४ रहेको छ भने मानक विचलनका १.९८ रहेको छ। संस्थागत विद्यालयको प्रतिनिधि जनसङ्ख्याका ५० जनामध्ये ४८ प्रतिशत विद्यार्थीहरूको कथा लेखन क्षमता मध्यमानभन्दा तल रहेको छ भने ५२ प्रतिशत विद्यार्थीहरूको कथा लेखन क्षमतामध्यमानभन्दा माथि रहेको छ। मध्यमानभन्दा माथि वा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १.९८ पाइन्छ, जसले गर्दा विद्यार्थीको प्राप्ताङ्क विश्वसनीय रहेको मान्न सकिन्छ। मध्यमानलाई आधार मानेर हेर्दाविद्यार्थीहरूको कथा लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ। माथिको तालिकालाई वृत्तचित्रद्वारा अझ स्पष्ट पार्न सकिन्छ :




*वृत्तचित्र ४.*

मध्यमान र मानक विचलनका आधारमासंस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता

**सामुदायिक विद्यालयकाविद्यार्थीहरूको कथा लेखन क्षमता**

चितवन जिल्लाको भरतपुर महानगरपालिकाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको नमुना जनसङ्ख्या छनोट गरी पाँच वटा विद्यालयबाट ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई लिई उनीहरूले लेखेका कथालाई आधार बनाएर सामुदायिक विद्यालयका विद्यार्थीहरूकथा लेखन क्षमताकोअध्ययन गरिएको छ। सामुदायिक विद्यालयका विद्यार्थीकाप्रतिशताङ्क स्थिति निम्न लिखित तालिकामा प्रस्तुत गरिएको छ :

**प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता**

छनोटमा परेका सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमताको स्थितिलाई तलको तालिकामा उल्लेख गरी व्याख्या विश्लेषण गरिएको छ।


तालिका १०.

*प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता*

| कुल सङ्ख्या ५० | पूर्णाङ्क१० | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| २० प्रतिशतभन्दा कम ल्याउने | | ५ | १० |
| २१–४० सम्म ल्याउने | | ६ | १२ |
| ४१–६० सम्म ल्याउन | | १५ | ३० |
| ६१–८० सम्मल्याउने | | १३ | २६ |
| ८१–१०० सम्मल्याउने | | ११ | २२ |

स्रोत : अरुणोदय मा.वि, २०८१ ।

माथिको तालिकाअनुसार चितवन जिल्लाको भरतपुर महानगरपालिकाको कक्षा आठमा अध्ययनरतसामुदायिक विद्यालयअन्तर्गतका विद्यार्थीहरूको प्रतिशताङ्क आधारमा पाँच श्रेणीमा विभाजन गरी प्राप्ताङ्क विश्लेषण गरिएको छ । निम्न श्रेणी २० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूकोसङ्ख्या ५ र प्रतिशत १० रहेको छ । मध्यम श्रेणीमा २१ देखि४० प्रतिशत अङ्क प्राप्त गर्नेविद्यार्थी सङ्ख्या ६ र प्रतिशत १२ रहेको छ । त्यसैगरी राम्रो श्रेणीमा ४१ देखि६०प्रतिशतसम्म अङ्क प्राप्त गर्नेविद्यार्थी सङ्ख्या १५ र प्रतिशत ३० रहेको छ ।उत्तम श्रेणीमा६१ देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १३ र प्रतिशत २६ रहेको छ भने अत्युत्तम श्रेणीमा ८१ प्रतिशतभन्दा माथि बढी अङ्क प्राप्त गर्नेविद्याथी सङ्ख्या ११ र प्रतिशत २२ रहेको छ । समग्रमा सबैभन्दा कम निम्न श्रेणीअन्तर्गत अङ्क प्राप्त गर्नेविद्यार्थी सङ्ख्या ५ र प्रतिशत १० रहेको छर मध्यम श्रेणीमा विद्यार्थी सङ्ख्या ६ र प्रतिशत १२ रहेकाले सामुदायिक विद्यालयका कक्षा आठमा अध्ययनरतविद्यार्थीहरूकोकथा लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।




*स्तम्भचित्र ६.*

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता

**मध्यमान र मानक विचलनका सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता**

विद्यालय प्रकृतिका आधारमाचितवन जिल्लाको भरतपुर महानगरपालिका भित्रको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन गरिएको छ; जसमा प्रतिनिधि जनसङ्ख्याका नमुना छनोटमा परेका सय जना विद्यार्थीमध्ये पचास जना विद्यार्थीहरू सामुदायिक विद्यालयअन्तर्गत रहेका छन्,जसलाई मध्यमान र मानक विचलनका आधारमा व्याख्या तथा विश्लेषण निम्नानुसार गरिएको छ :


तालिका ११

*मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यार्थीहरूको कथा लेखन क्षमता*

| कुल सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | ६.१ | २.०८ | २६ | ५२ | २४ | ४८ |

स्रोत : अरुणोदय मा.वि, २०८१ ।

माथिको तालिकाअनुसारसामुदायिक विद्यालयकाकक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कुल प्राप्ताङ्क ३०५ रहेको छ भने यसको मध्यमान ६.१ रहेको छ भने मानक विचलनका २.०८ रहेको छ । सामुदायिकविद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता मध्यमानभन्दा तल विद्यार्थी सङ्ख्या २६ र प्रतिशत ५२ रहेको छ । मध्यमानभन्दा माथि विद्यार्थी सङ्ख्या २४ र प्रतिशत ४८ रहेको छ । मध्यमानभन्दा माथि वा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २.०८ पाइन्छ, जसले गर्दा विद्यार्थीको प्राप्ताङ्क विश्वसनीय रहेको मान्न सकिन्छ । मध्यमानलाई आधार मानेर हेर्दाविद्यार्थीहरूको कथा लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । माथिको तालिकालाई वृत्तचित्रद्वारा अझ स्पष्ट पार्न सकिन्छ :



*वृत्तचित्र ५.*
मध्यमान र मानक विचलनका आधारमासामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता

**संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता**

प्रस्तुत अध्ययन चितवन जिल्लाको भरतपुर महानगरपालिका भित्रको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमतामा आधारित छ । उक्त अध्ययनमा पचास जना संस्थागत विद्यालयका विद्यार्थीहरूर पचास जना सामुदायिक विद्यालयका विद्यार्थीहरूलाईप्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ । संस्थागत विद्यालय र सामुदायिक विद्यालयका विद्यार्थीहरूले लेखेका कथालाई आधार मानेर संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमताको तुलना मध्यमानको आधारमा गरिएको छ ।

तालिका १२.


*प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता*

| लैङ्गिकता | कुल सङ्ख्या | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| संस्थागत | ५० | २४ | ४८ | २६ | ५२ |
| सामुदायिक | ५० | २६ | ५२ | २४ | ४८ |

स्रोत : अरुणोदय मा.वि, २०८१ ।

माथिको तालिकाअनुसारसंस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको समग्र मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल सङ्ख्या २४ र प्रतिशत ४८ रहेको छ भनेमध्यमानभन्दा माथि सङ्ख्या २६ र प्रतिशत ५२ रहेको देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल सङ्ख्या २६ र प्रतिशत ५२ रहेको छ भनेमध्यमानभन्दा माथि सङ्ख्या २४ र प्रतिशत ४८ रहेको देखिन्छ । समग्रमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको

तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता उच्च रहेको निष्कर्ष निकाल्न सकिन्छ ।




*रेखाचित्र७*

प्रतिशतका आधारमा संस्थागत र सामुदायिक विद्यार्थीहरूको कथा लेखन क्षमता

माथिको स्तम्भचित्रअनुसारसंस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको समग्र मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल सङ्ख्या २४ र प्रतिशत ४८ रहेको छ भनेमध्यमानभन्दा माथि सङ्ख्या २६ र प्रतिशत ५२ रहेको देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल सङ्ख्या २६ र प्रतिशत ५२ रहेको छ भनेमध्यमानभन्दा माथि सङ्ख्या २४ र प्रतिशत ४८ रहेको देखिन्छ । समग्रमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता उच्च रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

# अध्याय सात : निष्कर्ष र उपादेयता

## सारांश

प्रस्तुत अध्ययनमाचितवन जिल्लाको भरतपुर महानगरपालिका भित्रकोकक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेख्न लगाइयो । कथा भाषिक सिपअन्तर्गतको स्वतन्त्र रचना हो । कथा लेखनको मुख्य उद्देश्य स्वतन्त्र एवम् सिर्जनात्मक लेखन सिपको विकास गराउनु हो ।

यस अध्ययनको उद्देश्य प्राप्तिका लागिचितवन जिल्लाको भरतपुर महानगरपालिका भित्रका दश वटा विद्यालयहरूका सय जना विद्यार्थीहरू नमुना जनसङ्ख्या छनोटमा परेका छन् ।यसमा पाँचसामुदायिकर पाँचसंस्थागत विद्यालयका पचास/पचास जना विद्यार्थीहरू रहेका छन् । अध्ययनकर्ताको प्रत्यक्ष सहभागितामा आवश्यक निर्देशन दिएर कथा लेख्न लगाइएको छ । उक्त उत्तरपुस्तिकालाई विषयप्रवेश, मौलिकता, खण्डन र भाषिक शुद्धताको आधारमा परीक्षण गरी निकालिएको तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता, अध्ययनको परिसीमा बारेमा उल्लेख गरिएको छ । यस अध्ययनको अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकनअन्तर्गत कथा सम्बद्ध पुस्तकको समीक्षा, शोधपत्रको समीक्षा रहेका छन् भने सैद्धान्तिक पक्षसँग सम्बन्धित कथाको सैद्धान्तिक परिचय, कथाको संरचना आदि रहेका छन् ।

अध्याय तिनअन्तर्गत अध्ययनविधि उल्लेख गरिएको छ, जसअन्तर्गत अध्ययनको ढाँचा, जनसङ्ख्या र अध्ययनको क्षेत्र, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क र सङ्कलनका साधनहरू (प्राथमिक स्रोत, द्वितीयक स्रोत), तथ्याङ्क सङ्कलन, तथ्याङ्क व्याख्या र विश्लेषण जस्ता अध्ययनका आधारहरूरहेका छन् ।

अध्याय चारअन्तर्गत चितवन जिल्लाको भरतपुर महानगरपालिकाभित्रकाकक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन रहेको छ । यसमा विद्यार्थीहरूको कथा लेखन व्याख्या विश्लेषणको क्रममा प्रतिशताङ्क, स्तम्भचित्र, मध्यमान र मानक विचलनको आधारमा वृत्तचित्र प्रस्तुत गरिएको छ ।

यस अध्ययनको अध्याय पाँचमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन गरिएको छ । यसअन्तर्गत १०० जना विद्यार्थीहरूमध्ये पचास जना र छात्र र पचास जना छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता विषयप्रवेश, मौलिकता, खण्डन र भाषिक शुद्धता निष्कर्ष आदिका आधारमा नतिजाको व्याख्या,विश्लेषण गरीप्रतिशताङ्क, स्तम्भचित्र,वृत्तचित्र,मध्यमान र मानक विचलनको आधारमा देखाइएको छ ।

प्रस्तुत शोधको अध्याय छमा विद्यालय प्रकृतिका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूकोकथा लेखन क्षमताको अध्ययन गरिएको छ । यसमा पचास जना सामुदायिक विद्यालयअन्तर्गतका विद्यार्थीहरूरहेका छन् भने पचास जना संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमताको व्याख्या,विश्लेषण, प्रतिशताङ्क, स्तम्भचित्र, मध्यमान र मानक विचलनका आधारमा वृत्तचित्र प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययनको अध्याय सातमा सारांश र उपयोगिता प्रस्तुत गरिएको छ । यस अध्यायमा समग्र शोधको सार अनि उद्देश्यअनुसार निष्कर्ष प्रस्तुत गरिएको छ । अन्त्यमा शोधको उपादेयतालाई पनि नीतिगत र प्रयोगगत आधारमा उल्लेख गरिएको छ ।

**निष्कर्ष**

प्रस्तुत अध्ययन चितवन जिल्लाको भरतपुर महानगरपालिकाभित्रका*कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन* शीर्षकमा केन्द्रित भएर तयार पारिएको छ । यस अध्ययनलाई पूर्णता प्रदान गर्ने भरतपुर महानगरपालिका भित्रका पाँचसामुदायिकर पाँचसंस्थागत विद्यालय गरी दश वटा विद्यालयका सय जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएको छ । खोज अनुसन्धानका क्रममा प्राप्त नतिजाहरूलाई आधार मानेर निकालिएको निष्कर्ष यसप्रकार छ :

कथा लेखन क्षमताको समग्र स्थितिलाइ प्रतिशताङ्कको आधारमा हेर्दा सय जना विद्यार्थीहरूमा२० प्रतिशतभन्दा कम कथा लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ८ रहेको छ, जसको प्रतिशत पनि ८ नै रहेको देखिन्छ । २१ देखि४० प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १३ नै रहेको छ, जसको प्रतिशत पनि १३ नै रहेको देखिन्छ । ४१ देखि६०प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूकोसङख्याा २८ रहेको छभनेप्रतिशत पनि २८ नै रहेको देखिन्छ । ६१ देखि ८० प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरू सङ्ख्या २७ रहेको छभनेप्रतिशत पनि २७ नै रहेको देखिन्छ । त्यसैगरी८१ प्रतिशतभन्दा माथि अङ्कल्याउने

विद्याथीहरूको सङ्ख्या २४ र प्रतिशत अङ्क पनि २४ रहेकालेसमग्र विद्यार्थीहरूको कथा लेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ। समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलनका २.०९ रहेको छ। मध्यमानभन्दा तल ५० प्रतिशत रमध्यमानभन्दा माथि ५० प्रतिशत रहेकाले समग्रमा विद्यार्थीको कथा लेखन क्षमता मधयम रहेको मान्न सकिन्छ।

लैङ्गिकताको आधारमा छात्र विद्यार्थीहरूको कथा लेखन क्षमताको मानक विचलनका २.२२ रहेको छ। मध्यमानभन्दा तल १० प्रतिशत रमध्यमानभन्दा माथि ९२ प्रतिशत रहेकाले छात्र विद्यार्थीहरूको कथा लेखन क्षमता मधयम रहेको पाइन्छ। छात्रा विद्यार्थीहरूको कथा लेखन प्राप्ताङ्कका आधारमा मानक विचलन २.४६ रहेको छ। मध्यमानभन्दा तल ६ प्रतिशत रमध्यमानभन्दा माथि ९४ प्रतिशत रहेकाले छात्रा विद्यार्थीहरूको कथा लेखन क्षमता उच्च रहेको छ।

विद्यालय प्रकृतिका आधारमा संस्थागत विद्यालयकाविद्यार्थीहरूको कथा लेखन क्षमतामध्यमान ६.४ छ भने मानक विचलनका १.९८ रहेको छ। २० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने ९४ प्रतिशत रहेको छ। प्रतिशतको आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता उच्च रहेको छ।विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमतामध्यमान ६.१ छ भने मानक विचलनका २.०८ रहेको छ। २० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने ९० प्रतिशत रहेको छ। प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता राम्रै रहेको पाइन्छ। संस्थागत विद्यालयको प्रतिनिधि जनसङ्ख्या पचास जनामध्ये ४८प्रतिशतको विद्यार्थीहरूको कथा लेखन क्षमता मध्यमानभन्दा तल रहेको छ भने ५२ प्रतिशत विद्यार्थीहरूको कथा लेखन क्षमतामध्यमानभन्दा माथि छ। सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता मध्यमानभन्दा तल सङ्ख्या२६ र प्रतिशत ५२ छ भनेमध्यमानभन्दा माथि सङ्ख्या २४ र प्रतिशत ४८ रहेको छ।

**उपादेयता**

यहाँ चितवन जिल्लाको भरतपुर महानगरपालिका भित्रका आधारभूत तहमा अध्ययन गर्ने विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन शीर्षकमा गरिएको शोधकार्य निम्नलिखित दुई तरिकाले उपयोगी हुने देखिन्छ :

**नीतिगत उपयोगिता**

प्रस्तुत शोधपत्रले नेपाली भाषापाठ्यक्रम, पाठ्यपुस्तक निर्माण गर्न सहयोग गर्दछ। विद्यार्थीहरूका लागि पाठ्यक्रम तयार गर्दा पाठ्यक्रमविद्हरूलाई स्तर क्षमताका आधारमा पाठ्यवस्तुको छनोट र स्तरणमा सहयोग गर्दछ। प्रस्तुत शोधपत्रले भाषा पाठ्क्रममा समावेश गरिने भाषिक सिपका उद्देश्य पुरा हुने गरी पाठ्यवस्तु छनोट र स्तरण गर्न सहयोग गर्दछ। यस शोधपत्रले कथा लेखनसम्बन्धी अध्ययन अनुसन्धानका लागि आधार प्रदान गर्दछ। शैक्षिक नीति निर्माणकर्ताहरूलाई शैक्षिक नीति निर्माणका क्रममा सम्बन्धित विषयमा उपयुक्त आधार प्रदान गर्दछ।

**प्रयोगगत उपयोगिता**

प्रस्तुत शोधपत्रले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई कथा लेखन सिप विकास गर्न सहयोग गर्दछ। विद्यार्थीहरूलाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न आवश्यक पर्ने शैक्षिक सामाग्री निर्माण शिक्षण विधि र प्रविधि छनोट गर्नमा सहयोग गर्दछ। यस शोधपत्रले विद्यार्थीहरूलाई नेपाली भाषा शिक्षण गराउँदा विषय शिक्षकलाई भाषिक सचेतका बारेमा थप सहयोग गर्दछ। यस अनुसन्धानले विद्यार्थीहरूले कथा लेखनमा गर्न सक्ने त्रुटिहरूको विषय शिक्षकलाई समयमा नै जानकारी भई निराकरणका उपाय खोज्न सहयोग गर्नेछ। यस शोधपत्रले विद्यार्थीहरूलाई कुनै विषय वा शीर्षकका बारेमा आफ्ना विचार वा भावलाई मौलिक, सहज, सङ्क्षिप्त रूपमा अभिव्यक्त गराउन सक्ने क्षमताको विकास गराउन सहयोग गर्दछ। विद्यार्थीहरूको लेखन सिपको विकास गराउँदा व्याकरण र वर्णविन्यासगत त्रुटिहरूको निराकरणमा सहयोग पुऱ्याउँदछ।

**भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू**

प्रस्तुत अध्ययनपश्चात् अनुसन्धान गर्न सकिने सम्भावित शीर्षकहरू तल उल्लेख गरिएको छ :

(क)कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन।

(ख) कक्षा आठ पुरा गरेका विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन।

(ग) आधारभूत तह पुरा गरेका विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन।

(घ) आधारभूत तह पुरा गरेका नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन।

## सन्दर्भ सामग्री सूची

ओझा, रामनाथ र सुवेदी,अर्जुनप्रसाद(२०८०/०८१),*नेपाली भाषा शिक्षण,*काठमाडौँ : *करुधरा पब्लिकेसन।*

ढकाल,कविता (२०७५), *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन ।

ढकाल, शान्ति प्रसाद र तीर्थराज, खतिवडा (२०७४), *भाषिक विधा शिक्षण,* काठमाडौँ : *पिनाकल पब्लिकेसन*।

तिमल्सिना, पार्वती (२०८०), चितवन जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन, (स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन ।

निउरे, ध्रुवप्रसाद (२०७५),*शैक्षिक अनुसन्धान पद्धति,*काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

न्यौपाने,रमेश (२०८०), *चितवन जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र),नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन ।

पोखेल, शारदा (२०७५) *नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र),शिक्षाशास्त्र सङ्काय,नेपाली भाषा विभाग,त्रि.वि. कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७९),*भाषिक विधा शिक्षण,*काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौड्याल, मोक्षदा (२०७५)*कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र),नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन ।

भण्डारी पारसमणि (२०७६), *प्राज्ञिक लेखन तथा सम्पादन,*काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई,रामप्रसाद(२०७६),*भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,*काठमाडौँ : शुभकामना प्रकाशन ।

राई, शान्ता (२०७५) *झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र),शिक्षाशास्त्र सङ्काय,नेपाली भाषा विभाग,त्रि.वि. कीर्तिपुर ।

रेग्मी,सविता(२०७५), *नवलपरासी जिल्लाको देवचुली नगरपालिकाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र),नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन ।

लम्साल,रामचन्द्र र अन्य (२०७४),*नेपाली भाषा शिक्षण,* काठमाडौँ : *भुँडी पुराण प्रकाशन*

लिम्बु,विमला (२०७६), *मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र),शिक्षाशास्त्र सङ्काय,नेपाली भाषा विभाग,त्रि.वि. कीर्तिपुर ।

शर्मा,केदारप्रसाद र पौडेल,माधवप्रसाद (२०७६),*नेपाली भाषा शिक्षणका सन्दर्भहरू,*काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

श्रेष्ठ,शम्भुलाल (२०७१), *लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र),शिक्षाशास्त्र सङ्काय,नेपाली भाषा विभाग,त्रि.वि. कीर्तिपुर ।

सापकोटा,सीता (२०७४)*चितवन जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र),नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन ।

## परिशिष्ट १

**प्रतिनिधि नमुना विद्यालयको नामावली**

१.लक्ष्मी माध्यमिक विद्यालय, भरतपुर–२३,चितवन ।

२.अरुणोदय माध्यमिक विद्यालय, भरतपुर–६, चितवन ।

३. भानु माध्यमिक विद्यालय, भरतपुर–२१,चितवन ।

४.अमर माध्यमिक विद्यालय, भरतपुर–२३, चितवन ।

५.चमेली देवी पिया माध्यमिक विद्यालय, भरतपुर–३, चितवन ।

६.विश्व ज्योति शिक्षा सदन, भरतपुर–१४,चितवन ।


७.विजय सहकारी इङ्गलीस स्कुल, भरतपुर–१४,चितवन ।

८.ज्ञान ज्योति बोडिङ् स्कुल, भरतपुर–१४, चितवन ।

९.पारिजात बोडिङ् स्कुल, भरतपुर–६, चितवन ।

१०. एभरेष्ट एकेडेमी बोडिङ् स्कुल, भरतपुर–२१, चितवन ।

# परिशिष्ट २


iThenticate
मिना पौडेल
कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन
Similarity 0%
Custom Sections
Flags
0% Overall Similarity
Filters
No matches found
This submission does not currently match any of the content sources in our databases.
Potential matches may be hidden due to assignment settings, filters, and exclusions. Making adjustments may include matches back into the report.
कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन
विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय,
शिक्षा विभागअन्तर्गत स्नातकोत्तर
(एम.एड), चौँथो सेमेष्टरको नेपा.शि.
५४४ पाठ्यांशको प्रयोजनका
लागि प्रस्तुत शोधपत्र
मिना पौडेल
नेपाली भाषा शिक्षा विभाग
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०८१/सन् २०२५

## परिशिष्ट ३

कथा लेखनको उत्तरपुस्तिका मूल्याङ्कनका आधारहरू

| आधार | अङ्क |
| --- | --- |
| शीर्षक | १० |
| व्याख्या प्रसङ्ग | ५० |
| भाषा | २० |
| नैतिक सन्देश | २० |
| **जम्मा** | **१००** |

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | मिना पौडेल लामिछाने |
| जन्म मिति | : | २०५२/४/१४ |
| बुवाको नाम | : | गुरुदत्त पौडेल |
| आमाको नाम | : | विष्णु देवी पौडेल |
| पतिको नाम | : | लक्ष्मण लामिछाने |
| लैंङ्गिकता | : | महिला |
| भाषा | : | नेपाली, अङ्ग्रेजी, हिन्दी |
| धर्म | : | हिन्दु |
| राष्टियता | : | नेपाली |
| वैवाहिक स्थिति | : | विवाहित |
| शिक्षा | : | स्नातकोत्तर अध्ययनरत |
| रुचि | : | अध्ययन,भम्रण |
| कार्य | : | अध्ययन |
| हालको ठेगाना | : | भरतपुर महानगरपालिका १४, विरेन्द्रचोक, चितवन । |
| मोबाइल नम्बर | : | ९८४५५२४२९७ |

**शैक्षिक विवरण**

| तह | उत्तीर्ण गरेको संस्था | उत्तीर्ण साल | प्रतिशत |
|---|---|---|---|
| स्नातकोत्तर | सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन | अध्ययनरत | |
| स्नातक | अन्नपूर्ण बहुमुखी क्याम्पस, चितवन | २०७४ | दोस्रो |
| दश जोड दुई | श्री जनता उच्च मा.वि., पर्सा | २०७० | दोस्रो |
| एस.एल.सी. | नेपाल राष्ट्रिय मा. वि., पर्सा | २०६७ | दोस्रो |

**तालिम** : कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान

**अनुभव**: विश्व ज्योति शिक्षा सदन बोर्डिङ्ग स्कुल, राधापुर अध्यापन गराएको र हाल लक्ष्मी मा.वि., भरतपुर २३ जगतपुरमा अध्यापन गराइरहेको ।